
# लेखापरीक्षण प्रतिवेदन

## नौगाड गाउँपालिका, दार्चुला

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## नौगाड गाउँपालिका, दार्चुला

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्योटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/300

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

सुदूरपश्चिम प्रदेश

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
नौगाड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
दार्चुला।

**कैफियतसहितको राय**

हामीले यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचितकोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचितको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको रु.४ करोड ७६ लाख ८ हजार, पर्यटन पूर्वाधार विकास आयोजनाको रू.१ करोड ९९ लाख ८१ हजार, गरिबसंग विश्वेश्वर कार्यक्रमको रू.४ लाख १५ हजार र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रमको रू.४५ लाख समेत गरी रु.७ करोड २५ लाख ४ हजार समावेश गरेको छैन।
२. पालिकाको रू.८१ करोड १७ लाख ५२ हजारको लेखापरीक्षण गरिएकोमा रू.६६ लाख ७४ हजार ( ०.८२ प्रतिशत ) बेरुजू देखिएको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि प्रतिक्रियाबाट रू.१२ हजार बेरूजु फछर्यौट भई रू.६६ लाख ६२ हजार बाँकी रहेको छ । उक्त बाँकी वेरुजु मध्ये असुल गर्नुपर्ने रू.७१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३४ लाख ३९ हजार, नियमित गर्नुपर्ने रु.२३ लाख २ हजार र पेस्की बाँकी रू.८ लाख ५० हजार रहेको छ। गत वर्षसम्म रु.२ करोड ६९ लाख ३२ हजार बेरुजु बाँकी

रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. २ करोड ३२ लाख १७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामावित्तीय विवरण तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा हामी विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षण प्रतिवेदनमा स्रोत साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार राजस्व असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास- निर्माण र सेवा प्रवाहमा असर परेको, विभिन्न शीर्षकमा प्रदान गरिएको अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँकार्यपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोबारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८६ | १७ | ६६,७४,९७४ | ० | १ | १२,००० | ० | ८६ | १६ | ६६,६२,९७४ | ७१,७७० | २३,०१,८०९ | ३४,३९,३९५ | ० | ० | ५७,४१,२०४ | ८,५०,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दार्चुला | २,६९,३२,००० | ० | १,०३,७७,४६७ | १,६५,५४,५३३ | ० | ६६,६२,९७४ | २,३२,१७,५०७ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | ४३ | सुरक्षित नागरिक आवास कार्यक्रम | ४१,२५,००० |
| २ | २०७८/७९ | ४० | विविध खर्च | १००००० |
| ३ | २०७८/७९ | ४३ | सोझै खरिद | ९,६०,८३५ |
| ४ | २०७८/७९ | ४७ | भेरिएशन स्वीकृत | १०,२०,६१४ |
| ५ | २०७९/८० | २१ | लघु उद्यम विकास कार्यक्रम | ३६,००० |
| ६ | २०७९/८० | ३१.१ | भेरिएशन आदेश | ४१,३५,०१८ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८०/८१ | ५४ | विद्यालय सहायक कर्मचारी तलब | १२,००० |
| जम्मा | | | | १,०३,८९,४६७ |

# (८०७७३५०३३०० - नौगाड गाउँपालिका, दार्चुला )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्वेश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल १८०.२७ वर्ग किलोमिटर तथा १५५२८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्वेश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।९ देखि २०८१ ।५। ११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - आय - व्ययतर्फ गरी जम्मा रु.८१ करोड १७ लाख ५२ हजार ४९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीय विवरण**

यस वर्ष पालिकाको सुत्र (SuTRA) को २७० बाट देखिएको आय व्यय र बाँकीको विवरण यस प्रकार छ ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब. को कारोबार | | | गत आ.ब. को कारोबार | |
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | |
| ११००० | कर | ७,३०,७०,५९५.९६ | ० | ७,३०,७०,५९५.९६ | ७,२९,५६,५२२.८९ | ७,२९,५६,५२२.८९ |
| १३००० | अनुदान | २९,९२,१६,६५१.३० | ० | २९,९२,१६,६५१.३० | ३४,७४,३६,३८१.४० | ३४,७४,३६,३८१.४० |
| १४००० | अन्य राजस्व | ४०,३२,९१७.०६ | ० | ४०,३२,९१७.०६ | ४६,१३,९५७.२४ | ४६,१३,९५७.२४ |
| क | कुल जम्मा प्राप्ति | ३७,६३,२०,१६४.३२ | | ३७,६३,२०,१६४.३२ | ४२,५०,०६,८६१.५३ | ४२,५०,०६,८६१.५३ |
| ३ | चालु | २८,६१,३०,२४६.७९ | ० | २८,६१,३०,२४६.७९ | २९,१८,४८,०९६.४७ | २९,१८,४८,०९६.४७ |
| २१००० | पारिश्रमिक / सुविधा | १७,५०,८४,६६६.७९ | ० | १७,५०,८४,६६६.७९ | १३,०३,०७,५६१.५७ | १३,०३,०७,५६१.५७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ७,९८,०४,४७१.०० | ० | ७,९८,०४,४७१.०० | १२,३५,७०,६३९.४० | १२,३५,७०,६३९.४० |
| २५००० | सहायता (Subsidy) | २,२८,५९,८८८.०० | ० | २,२८,५९,८८८.०० | २,२१,५२,९८६.५० | २,२१,५२,९८६.५० |
| २६००० | अनुदान | ० | ० | ० | ५०,०००.०० | ५०,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | ६६,७०,०२५.०० | ० | ६६,७०,०२५.०० | १,२६,२१,५४६.०० | १,२६,२१,५४६.०० |
| २८००० | अन्य खर्च | १७,११,१९६.०० | ० | १७,११,१९६.०० | ३१,४५,३६३.०० | ३१,४५,३६३.०० |
| ४ | पूंजीगत | ९,७३,७८,४९०.०० | ० | ९,७३,७८,४९०.०० | १२,७०,४०,५८०.०० | १२,७०,४०,५८०.०० |
| ३१११० | भवन तथा संरचना | ३,४८,९८,२३७.०० | ० | ३,४८,९८,२३७.०० | ३,६१,५५,७७५.०० | ३,६१,५५,७७५.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ११,९८,४१२.०० | ० | ११,९८,४१२.०० | ३७,२३,३५२.०० | ३७,२३,३५२.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ५,६२,३७९.०० | ० | ५,६२,३७९.०० | १,०६,२६,८६२.०० | १,०६,२६,८६२.०० |
| ३११५० | सार्वजनिक निर्माण | ५,९९,०७,४६२.०० | ० | ५,९९,०७,४६२.०० | ७,३९,१४,२६८.०० | ७,३९,१४,२६८.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ० | ० | ० | ४,३२,३२३.०० | ४,३२,३२३.०० |
| ३१४१० | जगाप्राप्ति खर्च | ८,१२,०००.०० | ० | ८,१२,०००.०० | २१,८८,०००.०० | २१,८८,०००.०० |
| ख) | कुल जम्मा भुक्तानी | ३८,३५,०८,७३६.७९ | | ३८,३५,०८,७३६.७९ | ४१,८८,८८,६७६.४७ | ४१,८८,८८,६७६.४७ |
| ग) | बचत /कमी (ग = क-ख ) | (७१,८८,५७२.४७) | | (७१,८८,५७२.४७) | ६१,१८,१८५.०६ | ६१,१८,१८५.०६ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (६५,१८,८६५.२२) | | (६५,१८,८६५.२२) | (५३,८६,९१४.९०) | (५३,८६,९१४.९०) |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी) ( ङ = ग+घ) | (१,३७,०७,४३७.६९) | | (१,३७,०७,४३७.६९) | ७,३१,२७०.१६ | ७,३१,२७०.१६ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ३,०४,२५,५४३.६५ | | ३,०४,२५,५४३.६५ | २,९६,९४,२७३.४९ | २,९६,९४,२७३.४९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | |
| ज) | आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १,६७,१८,१०५.९६ | | १,६७,१८,१०५.९६ | ३,०४,२५,५४३.६५ | ३,०४,२५,५४३.६५ |

स्थानीय संञ्चित कोषः स्थानीय सञ्चित कोष सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिकाको सम्पूर्ण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट IPFMS मार्फत हुने निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेकोले देहाय अनुसार सुत्र र एकीकृत विवरणमा फरक परेको छ ।

| विवरण | म.ले.प.फा.नं. २७० | एकीकृत आय व्यय विवरण | फरक |
|---|---|---|---|
| गत वर्षको अल्या | ३०४२५५४३.६५ | ३०४२५५४३.६५ | 0 |
| यस वर्षको आम्दानी | ३७६३२०१६४.३२ | ४७१५२६८३०.८ | -95206666.48 |
| यस वर्षको खर्च रकम | ३८३५०८७३६.७९ | ४८५२३४९३८.४९ | -101726201.7 |
| बाँकी मौज्दात | १६७१८१०५.९६ | 16717435.96 | 670 |

स्थानीय तहले प्रयोगमा ल्याएको लेखा प्रणाली सुत्रबाट सृजना भएको म.ले.प.फा.नं. २७० ले पालिकाको यथार्थ आय व्ययको प्रतिनिधित्व गरेको देखिएन । सबै आय व्ययलाई सुत्रको माध्यमबाट एकीकृत गर्नु पर्दछ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आन्तरिक नियन्त्रण प्रणाली**

३.१ आन्तरिक नियन्त्रणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा चालु खर्च खातामा रु. ३००७०९।५१ र पुँजीगत खर्च खातामा रु ६६२०५।- समेत गरी रु. ३६६९१४.५१ मौज्दात रहेकोमा २०८१ साल असार ३१ गतेमा संचित कोषमा ट्रान्सफर गरेको ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

• कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाइयो ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ

संस्थालाई वितरण गरेको पाइयो ।

• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजसिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ५१ जनाको दरबन्दी रहेकोमा १० जना पद रिक्त रहेको पाइयो । रिक्त मध्ये ८ जना लोक सेवा आयोगमा माग गरी पठाएको ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।

• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्योट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन ।

• पालिकाले चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गर्नुपर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३.२ बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये प्राधिकरणसँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

३.३ सूचना प्रविधि पद्धतिः - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ साथै सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल र म. ले. प. फाराम ९०१ र ९०२ को प्रयोग गरी विद्युतीय प्रणाली प्रयोगकर्ता सम्बन्धी विवरणलाइ अध्यवधिक गर्नु पर्दछ ।

३.४

म.ले.प. फारमहरूको प्रयोगः साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख सवारी साधन तथा मेशिन प्रयोगको लगबुक रसिद नियन्त्रण खाता भ्रमण प्रतिवेदन कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरू आंशिक रूपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

सवारी साधन र मेशिनरीको मर्मत अभिलेखः सवारी साधन र मेशिनरी सञ्चालनको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नु पर्ने र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अध्यवधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यवधिक गरी राखेको छैन । म .ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्वति लागु गर्नु पर्दछ ।

३.५ भ्रमण खर्च : सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् ।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोग हुने सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

## ४ सेवाप्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १६ वटा ऐन, १ वटा नियमावली र २७ वटा कार्यबिधि समेत ४७ वटा कानून स्वीकृत गरी कार्यान्वियनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता ३९८ वटा, मृत्यु दर्ता ९९ वटा, बसाइँसराइ ४१ वटा, विवाह दर्ता १३७ वटा, सम्बन्ध विच्छेद दर्ता ४ वटा गरेको विवरण प्राप्त भएको छ । कालोपत्रे सडक १२ कि.मि. र ग्राभेल सडक ४८ कि.मि. निर्माण गरेको विवरण पेश भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

## ५ कानून निर्माण र कार्यान्वयन

५.१ कानून र सञ्चालन स्थिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, १ वटा नियमावली, २७ कार्यविधि, २ वटा निर्देशिका, १ वटा नर्म्स समेत ४७ वटा कानून निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

५.२ न्यायिक समिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र

टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २, यो वर्ष थप भएको ६ वटा समेत ६ वटै फर्स्यौट भएको विवरण पेश भएको छ ।

## ६ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ९ वटा सहकारी संस्था मध्ये २ वटा सहकारी संस्था समस्याग्रस्त रहेको विवरण पेश भएको छ। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

## ७ खरिद तथा ठेक्का अभिलेख

७.१ ठेक्का व्यवस्थापनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम त्रैमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट १० वटा ठेक्का सम्झौता गरेकोमा दोस्रो त्रैमासिकमा ७ वटा, तेस्रो त्रैमासिकमा २ वटा, चौथो त्रैमासिकमा १ वटा सम्झौता गरेको छ ।त्यसै गरी उपभोक्ता समितिसँग ७६ वटा सम्झौता गरेकोमा दोस्रो त्रैमासिकमा २४ वटा, तेस्रो त्रैमासिकमा ४५ वटा, चौथो त्रैमासिकमा ७ वटा सम्झौता गरेको पाइयो । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी चौथो त्रैमासिकमा समेत ठेक्का सम्झौता गरी प्रगति शत प्रतिशत देखाउने गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नुपर्नेमा सो वमोजिम गरेको पाइएन । नियमको पालना हुनुपर्दछ ।

७.२ ठेक्काको विवरणः निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।

## ८ सम्पत्ति उपयोग र संरक्षण

८.१ सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

८.२ **सार्वजनिक सम्पत्तिको रेखदेखः** सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र

अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

**सम्पत्ति व्यवस्थापन र सुरक्षाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामानको अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार पारी प्रतिवेदन गर्नुपर्दछ कार्यालयले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनुपर्दछ ।

## ९ बजेट तथा कार्यक्रम व्यवस्थापन

९.१ रकमान्तरः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । पालिकाले पुस १६ देखि जेठ २९ गते सम्म भएका ६ वटा बैठकबाट ३९ वटा कार्यक्रमको लागि यस वर्ष १ करोड १६ लाख ६६ हजार रकमान्तर गरेको छ । जुन स्वीकृत वार्षिक बजेटको २.७९ प्रतिशत हुन आउँछ । शुरु बजेट विनियोजन भएका योजना कटौति गरी पटके निर्णयबाट नयाँ योजनाको लागि रकमान्तर गरी खर्च गर्ने परिपाटी बजेट सिद्धान्त विपरित देखिन्छ।

९.२ नीति तथा मार्गदर्शनः पालिकाको आ.व. २०८०।८१ को नीति तथा मार्गदर्शन २०८० असार ८ गते गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वियन गरेको पाइएन । गाउँसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्वियनको लागि पालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वियन नभएका उदाहरण देहाय अनुसार छन्ः

• हरेक वडाहरूमा व्यवस्थित कृषि बजारको स्थापना गर्ने,

• दुग्ध संकलन केन्द्र स्थापना गरी पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्ने,

• विगतमा गरिबी निवारण कोष, केयर नेपाल लगायतका संस्था तथा कार्यक्रमहरूबाट सामुदायिक संस्थाहरूमा घुम्ती कोषको रूपमा उपलब्ध गरिएको रकमलाई संकलन गरी नजिकको सहकारी संस्थाहरूमा जम्मा गरी परिचालन गर्ने व्यवस्था मिलाउने,

• गाउँपालिकामा स्थापना भएको सीप विकास केन्द्रलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने,

• सशस्त्र संघर्ष (जनयुद्ध) का क्रममा शहीद तथा बेपत्ता भएका, जेलजीवन बिताएका परिवारहरूको लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्ने,

• गाउँपालिका क्षेत्र भित्र रहेका पर्यटकीय र ऐतिहासिक स्थलहरू मध्येबाट नौगाड गाउँपालिका वडा नं.. २ स्थित छिपुलथान डाइभरसिटी पार्कलाई व्यवस्थित गर्ने, साथै नेपालकै धार्मिक स्थलको रूपमा परिचित नौगाड गाउँपालिका वडा नं. १ मा रहेको नागेश्वर धामलाई धार्मिक पर्यटकीय क्षेत्रको रूपमा र नौगाड गाउँपालिका वडा नं. ३ मा रहेको ताराकोट, बडा न. ४ मा रहेको सिप्टी विनायक डाँडा र नौगाड गाउँपालिका बडा नं. ६ को शिखर क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने,

• नौगाड गाउँपालिकाको पर्यटन प्रबर्द्धन गर्न देथला खार खलंगा सडक खण्ड कालोपत्रेको काम यथाशीघ्र सम्पन्न गर्न पहलकदमी गर्ने, प्रत्येक बडा कार्यालयहरू जोड्ने सडकहरू समयमा नै सम्पन्न गरी "पर्यटकीय क्षेत्र सम्म जोड्ने सडक तथा पद मार्गहरू लगायत अन्य आवश्यक संरचनाहरू निर्माण गर्ने,

• गाउँपालिकामा विभिन्न समुदायको परम्परा तथा संस्कृति झल्किने संग्रहालय स्थापना गरी सञ्चालनमा ल्याउने,

• गाउँपालिकामा सांस्कृतिक कला केन्द्रको स्थापना गरी स्थानीय कलाकारहरूको क्षमता विकास गर्ने,

• नौगाड गाउँपालिकामा (८ स्थापना गरिएको सीप बिकास तालिम केन्द्रलाई व्यवस्थित तथा प्रभावकारी बनाई एकीकृत तथा एकद्वार प्रणालीबाट तालिम प्रदान गर्ने पद्धतिको विकास गरी दक्ष तथा सक्षम जनशक्ति विकासका लागि सीपमूलक तालिम प्रदान गरी स्वरोजगार

बन्न उत्प्रेरित गर्ने,

• भवन निर्माण अचारसँहिता, २०७२ को परिधि भित्र रही गाउँपालिकाको आचारसंहिता निर्माण गरी भवन निर्माण र बजार व्यवस्थापनको नीति लिइनेछ साथै नयाँ बन्ने भवन तथा घरहरू नक्सा पास गरेर मात्र निर्माण गर्न आम नौगाडवासी जनसमुदायलाई उत्प्रेरित गर्ने,

• जनयुद्ध तथा जनआन्दोलनका शहीदहरूको स्मृतिमा शहीद पार्क, शहीदस्मृति भवन तथा सालिक निर्माण गरी शहीद संग्रहालयको स्थापना गर्ने,

• शिक्षा क्षेत्रमा आमूल परिवर्तन गरी गुणस्तरीय शिक्षा हासिल गर्न विद्यार्थी संख्याको अनुपातमा विषयगत रूपमा दरबन्दी व्यवस्था गरी आर्थिक वर्ष २०८०।८१ देखि प्रत्येक वडाका माध्यामिक तहका विद्यालय मध्ये एक-एक वटा विद्यालयलाई नमुना विद्यालयको रूपमा छनोट गरी क्रमिक रूपमा शैक्षिक गुणस्तर सुधार कार्यक्रम लागू गर्ने,

• गाउँपालिकामा कम्तिमा एउटा उच्च तहको प्राविधिक शिक्षालय र एउटा क्याम्पस स्थापना गर्न पहल गर्ने,

• नमुना विद्यालयलाई श्रोत विद्यालयको रूपमा विकास गरी अनुभव आदान प्रदानका लागि अन्तर विद्यालय भ्रमणको व्यवस्था मिलाउने,

• पालिका र वडास्तरमा पुस्तकालयको स्थापना गरिनेछ र हरेक जिम्मेवार व्यक्तिबाट एउटा पुस्तक सहयोग स्वरूप संकलन गरी पुस्तकालयमा राख्ने,

• शिक्षकहरू सधैं एउटै विद्यालयमा बस्दा जागरूकता तथा सक्रियतामा कमी आउने र यसको असर शैक्षिक गुणस्तरमा पर्ने भएकोले समयबद्ध अन्तर विद्यालय सरुवा गर्ने नियमलाई कार्यान्वयनमा ल्याउन सुरुवात गर्ने,

• एक माध्यमिक विद्यालय एक स्वास्थ्य कर्मी कार्यक्रम लागू गर्ने,

• गाउँपालिका स्तरीय खेलकूद समिति गठनको कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने,

• गाउँपालिकामा रहेको एम्बुलेन्सको प्राविधिक मूल्याङ्कन गरी सम्भव देखिएमा मर्मत गरी सञ्चालनमा ल्याउने,

• प्रत्येक आर्थिक वर्ष भित्र कार्यसम्पादनका आधारमा उत्कृष्ट स्वास्थ्यकर्मी छनोट गरी पुरस्कृत गरिने व्यवस्था मिलाउने,

नीति तथा कार्यक्रम कार्यन्वयन गर्नु पर्दछ ।

९.३ बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

९.४ वार्षिक कार्यक्रम र प्रगतिः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमेजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमानुसार प्रगति विवरण बनाई तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले प्रगति विवरण लेखापरीक्षणमा पेश नगरेकोले थप विश्लेषण गर्न सकिएन । तोकिएको ढाँचामा प्रगति प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश हुनु पर्दछ ।

९.५

योजना छनोट र कार्यान्वयन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनोट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक गाउँ विकास योजना २०८०।८१ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । पालिकाले यस वर्ष सञ्चालन गरेका योजना देहाय अनुसार छन् ।

| विवरण | रु १ लाख सम्म | रु १ लाख देखि २ लाख सम्म | रु २ लाख देखि ५ लाख सम्मका | रु ५ लाख देखि १० लाख सम्मका | रु १० लाख भन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|---|
| योजना संख्या | ७३ | २५ | ११ | ८ | १३ | १३० |
| जम्मा रकम | ५०२० | ४४३८ | ४१२१ | ५५१२ | ७४४७२ | ९३५६३ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष एक लाख देखि १० लाख माथिका समेत जम्मा १३० वटा योजना सञ्चालन गरेकोमा रू. ५ लाख भन्दा मुनिका मात्र १०९ वटा योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू सञ्चालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, सञ्चालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

९.६ गत विगतको भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी चालु तर्फ रू. ५८०२४७७।- र पूँजीगत तर्फ रू. २४८६०५४।- समेत रू. ८२८८५३१।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

९.७ बजेट पेश, पारित र अख्तियारीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाका उपाध्यक्षले मिति २०८०।३।१० गते रु ४१ करोड ८० लाख ४० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।३।२६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

## १० **बार्षिक खरिद योजना/गुरुयोजना**

खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ९ करोड ७३ लाख ७८ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## ११ **आर्थिक सहायता र अन्य विविध खर्च**

११.१ आर्थिक सहायताः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । तर पालिकाले यस वर्ष ४४ जनालाई रु. १००५०००।– आर्थिक सहायता वितरण गरेका छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

११.२ विविध खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. २४०४४८५।– खर्च गरेको छ ।

## १२ **बजेट तथा कार्यक्रम**

१२.१ बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१२.२ कार्यक्रमहरू कार्यान्वियन नभएकोः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ को लागि रू. ४१ करोड ६३ लाख ४७ हजारको बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल ४७० बटा कार्यक्रम मध्ये यस वर्ष ३७ वटा कार्यक्रमहरू कार्यान्वयन गरेको पाइएन ।संघीय सरकारले समानीकरण अनुदान र राजस्व बाँडफाँटको रकम सतप्रतिशत प्रदान नगरेकोले कतिपय कार्यक्रम कटौति गर्नु परेको पालिकाको भनाई रहेको छ । कार्यान्वियन नभएका प्रमुख कार्यक्रमहरू देहाय अनुसार छन् ।

| सि.नं. | कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम | खर्चशीर्षक | स्रोत | विनियोजन |
|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम प्रकाशन | २२५२२ | राजस्व बाँडफाँट - संघीय सरकार | १०० |
| २ | टुहुरा बालबालिका राहात वितरण कार्यक्रम | २२५२२ | नेपाल सरकार - समानीकरण अनुदान | ३०० |
| ३ | दलितहरूको परम्परागत व्यवसाय प्रवर्धन कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँट - संघीय सरकार | १६० |
| ४ | मेडपा कार्यक्रम सँग लागत साझेदारी | २२५२२ | नेपाल सरकार - समानीकरण अनुदान | १०० |
| ५ | उपयुक्त प्रविधि हस्तान्तरण | २२५२९ | नेपाल सरकार - समानीकरण अनुदान | १२५ |
| ६ | शाखा व्यवस्थापन | २२३१९ | राजस्व बाँडफाँट - प्रदेश सरकार | १०० |
| ७ | पोषण सुधारको लागि विपन्न समूदायका महिला समूह वा सहकारीहरूलाई विपन्न सदस्यहरूको आयआर्जन सुधार कार्यक्रम गर्न अनुदान | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ युरोपियन युनियन - नगद अनुदान (बैदेशिक)] | ६०० |
| ८ | पोषण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ युरोपियन युनियन - नगद अनुदान (बैदेशिक)] | १५० |
| ९ | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय वैकल्पिक विद्यालय साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | २२५२९ | नेपाल सरकार - शसर्त अनुदान चालु [एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | १०४ |
| १० | आधारभुत तथा माध्यमिक तहमा स्वीकृत दरवन्दी तथा अनुदानमा कार्यरत शिक्षकहरूका लागि तलब भत्ता अनुदान | २६४१२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ८२० |
| ११ | पालिका अन्तर्गत निर्माणाधिन ५।१०।१५ शैय्या आधारभूत अस्पतालको सृजित दायित्व भुक्तानी गर्न। | ३१११२ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | ३५०० |

१३ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु. ९ करोड ७३ लाख ७८ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा १ करोड २१ लाख ३९ हजार अर्थात १२.४७ प्रतिशत दोस्रो त्रैमासिकमा १ करोड १२ लाख ९९ हजार अर्थात ११.६० प्रतिशत तेस्रो त्रैमासिकमा रु. ३ करोड ६३ लाख २१ हजार अर्थात ३०.३० प्रतिशत र चौथो त्रैमासिकमा रु. ३ करोड ७६ लाख १९ हजार अर्थात ३८.६३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. ३ करोड ११ लाख ५९ हजार अर्थात ३२.०० प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।

| क्र.स. | बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिना |
| १ | पूँजिगत खर्च तर्फ | ९७३७८ | १२१३९ | ११२९९ | ३६३२१ | ३७६१९ | 31159 |
| | प्रतिशत | | 12.47 | ११.६० | ३७.३० | ३८.६३ | ३२.०० |

१४ **बजेट खर्च र प्रगति प्रतिवेदन**

१४.१ खर्च बिश्लेषणः पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. ३५ लाख ८९ हजार, गत वर्षको मौज्दात रू. ३ करोड ४ लाख २६ हजार राजस्व बाँडफाँट रू. ७ करोड ३५ लाख १४ हजार, अनुदानबाट रु. ३० करोड ६० लाख ३५ हजार, अन्तर सरकारी अख्तियारीबाट रू. ७ करोड २५ लाख ५ हजार, विविध आय रू. १ करोड ५८ लाख ८३ हजार समेत रू. ५० करोड १९ लाख ५२ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २८ करोड ६१ लाख ३० हजार र पूँजीगत तर्फ रु. ९ करोड ७३ लाख ७८ हजार समेत रु. ३८ करोड ३५ लाख ८ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा ०.९३ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रू. 60 लाख ६५ हजार खर्च भएको छ जुन आन्तरिक आयको १.६८ गुणा बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७४.६९ प्रतिशत चालु र २५.३९ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरूपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१४.२ क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स. | मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्चमध्ये प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २३९३८६००.०० | २३०१६२००.०० | ६.०० |
| २ | सामाजिक विकास | २५९५२६५००.०० | २३८८११५००.६३ | ६२.२७ |
| ३ | पूर्वाधार विकास | ५२९३२०००.०० | ४९४६२२१६.०० | १२.९० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६२६१८४००.०० | ५४१७६०६३.१६ | १४.१३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १९०२५०००.०० | १८०४२७५७.०० | ४.७० |
| | **जम्मा** | **४१८०४०५००.००** | **३८३५०८७३६.७९** | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ६२.२७ प्रतिशत र सबै भन्दा घटी कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा ३.२ प्रतिशत बजेट विनियोजन गरेको छ ।

१४.३ अनुदान फिर्ता– संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । खर्च नभई बाँकी रहेकोरकम संघीयको सरकारको रु. ६६४५११९६.७० र प्रदेश सरकारको मिति रु. १७३३२२।- समेत जम्मा रु ६८१८५१८.७० फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १६०१२१००० | १५४५५७८७१.३ | 5563128.7 |
| | विषेश | १९८३२८४४ | १८७७८१४२ | 1054702 |
| | समपुरक | ५९९४२२४ | ५९६६८५८ | 27366 |
| | अन्य | | | |
| प्रदेश सरकार | शसर्त | 3950000 | ३८१५८५५ | 134145 |
| | विषेश | ७४९५३०१ | ७४५८७१३ | 36588 |
| | समपुरक | ४९३५८०१ | ४९३३२१२ | 2589 |
| | अन्य | | | |
| | जम्मा | २०२३२९१७० | १९५५१०६५१.३ | 6818518.7 |

१४.४ प्रगति प्रतिवेदनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमानुसार प्रगति विवरण बनाई तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । तोकिएको ढाँचामा बार्षिक प्रगति विवरण तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

## १५ कर्मचारी व्यवस्थापन

१५.१ वडा सचिवको पदपूर्ति: पालिका अन्तर्गतका वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरूको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ६ | ६ | २ | ४ |

१५.२ प्रशासकीय सँगठन र जनशक्ति व्यवस्थापन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सँगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सँगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५१ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४१ जना स्थायी र १५९ सेवा करार पदपूर्ति भएको देखिन्छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत छैठौ ईन्जिनियर छैठौ, सहायक पाचौ, असिस्टेन्ट सब ईन्जिनियर, कृषि प्रा.स., कृषि ना.प्रा.स. सहितका पदहरू स्थायी दरबन्दी रिक्त भई कारारमा पदपूर्ति रहेका छन् । दरबन्दी बमोजिम जनशक्ति पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा

पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१५.३ करार कर्मचारी व्यवस्था - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८)मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले उल्लेखित पदहरूमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु. १२१४००००।- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरित तथा दरबन्दी वेगर करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन ।

| पद | नियुक्ति संख्या | तलब भत्ता रु. |
|---|---|---|
| सब ईन्जिनियर | १ | २९६००० |
| उद्यम संयोजक | १ | २९६००० |
| राजस्व शाखा संयोजक | १ | २९६००० |
| सहायक चौथो | ९ | २४३०००० |
| सहायक कम्प्यूटर अपरेटर | ५ | १३५०००० |
| महिला विकास सहजकर्ता | १ | २७०००० |
| खानेपानी तथा सरसफाई संयोजक | १ | ४००००० |
| समाजिक परिचालक | ६ | १६२०००० |
| ल्याव असिस्टेन्ट | ५ | १३७६००० |
| फार्मेसी सहायक | १ | २९६००० |
| अहेव | ९ | २४३०००० |
| अनमी | ४ | १०८०००० |
|  | जम्मा | १२१४००००।- |

१५.४ कल्याण कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सोको वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलबबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन । साथै कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

## १६ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

## १७ स्थानीय तह अन्तर्गतका कोषहरू

आर्थिक कार्यविधि एवं वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६(१) ले कोषको अभिलेख अद्यावधिक गरी सोको विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । पालिका अन्तर्गत रहेका मर्मत संभार कोष, गरिवी निवारण तथा सामाजिक परिचालन कोष, कर्मचारी कल्याण कोष, वातावरणीय व्यवस्थापन कोष लगायतका ४ वटा कोषहरूमा रू. १ करोड ३९ लाख १० हजार रकम मौज्दात रहेको विवरण पेश भएको छ ।यस्ता कोषहरूको विवरण अद्यावधिक गर्दै कोषको आय प्राप्तिको उपयोग गर्नुपर्दछ ।

## १८ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## १९ खर्च सार्वजनिकरण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष उपभोक्ता समितिमार्फत योजनाको संरचना निर्माणको काम गराएकोमा उपभोक्ता समितिले गरेको सम्पसपूर्ण खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट र खर्च सार्वजनिक गरेको प्रमाण पेश गरेको पाइएन । कार्यालयले नियममा भएको व्यवस्था अनुसार उपभोक्ता समितिमार्फत कार्य गराउनु पर्दछ ।

## २० उपभोक्ता समितिहरू मार्फत सरकारी भवनहरू

उपभोक्ता समितिहरू मार्फत सरकारी भवनहरू निर्माणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने व्यवस्था छ । सोही नयमावलीको नियम नियम ९७ को उपनियम (१२) अनुसार निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु व्यवस्था छ । पालिकाले देहाय अनुसारका उपभोक्ता समितिहरू मार्फत सरकारी भवनहरू निर्माण गराई भुक्तानी गरेको छ । प्रतिस्पर्धाबाट कार्य गराउन सिमित हुने गरी नियम विपरित सरकारी भवनहरू उपभोक्ता समितिबाट निर्माण गराई भुक्तानी गरेका केही उदाहरण देहाय अनुसार छन् ।यस् कार्यमा सुधार हुनु पर्दछ ।

| गो.भौ. नं.नं./मिति | उपभोक्ता समितिको नाम | भुक्तानी |
|---|---|---|
| २१०-२०८१।३।२० | घोरकटया खोप केन्द्र | ४७७६२० |
| ९९-२०८०।१२।१ | वडा नं. १ स्वास्थ्य चौकी भवन | ८५०००० |
| १७१-२०८१।३।१७ | धुलिगाढ स्वास्थ्य चौकी भवन | १३६०८२ |
| ८३-२०८०।११।२३ | खालीडाँडा खोप केन्द्र निर्माण | ७४७५५१ |

## २१ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको

पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

२२ **श्रम सहकारी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो वर्ष विभिन्न ११ श्रम सहकारीसँग सम्झौता गरी विभिन्न कार्य गराई रकम भुक्तानी गरेको छ । यसरी गठन भएका श्रम सहकारी पालिकाले बनाएको कार्यविधि अनुसार नवीकरण र दर्ता भए पनि आयव्यको लेखापरीक्षण गराउने गरेको पाइएन ।

२३ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरूले २९ लाख १६ हजार औषधिमा भएको खर्च मध्ये रु. १४ लाख ८१ हजारका औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः

• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधि एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकीन गर्न सकिएन,

• औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँध्ने नगरेको,

• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको सार्वजनिक खरिद नियमावली, २०६४ गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२४ **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आयव्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४९ लाख ८० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ३५ लाख ९० हजार अर्थात अनुमान भन्दा २७.९२ प्रतिशत कम आय प्राप्त गरेको छ ।

२५ **प्रकृतिक स्रोत उत्खनन् कार्ययोजना**

ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ मा गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री गर्दा उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्नु पर्ने, प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गर्ने, गराउने, प्रत्येक वर्ष ठेक्का वन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकीन गर्ने, गाउँसभा वा नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन्, सङ्कलनको अनुमति र बिक्रीको लागि ठेक्का व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ ।पालिकाको अधिकांश क्षेत्र अपीनम्पा संरक्षण क्षेत्र भित्र पर्ने भएकोले यसमा कठिनाई भएको भन्ने पालिकाको भनाई रहेको छ । पालिकाले यस वर्ष नदीजन्य पदार्थ उत्खनन सम्बन्धी कार्ययोजना अपिनम्पा संरक्षण क्षेत्रसँग समन्वय गरेर तयार गरेको पाइएन । समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदीजन्य पदार्थको उत्खनन, घाटगद्दी र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

## २६ आन्तरिक अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २९८५०६६५३.११ | ३५८९८०२.२७ | १.२ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २७ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी | असुली प्रतिशत |
|---|---|---|---|
| ११३१३ - सम्पती कर | ० | १९७१७.४२ | - |
| ११३१४ - भुमिकर/ मालपोत | ३२०५०० | २०५२३६.३६ | ६४.०४ |
| ११३१७ - वहाल कर | ४००००० | ४८९६१३.४९ | १२२.४ |
| ११६११ - व्यवसायले भुक्तानी गर्ने | २००००० | २२२०० | ११.१ |
| ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ९८५०० | १४५०० | १४.७२ |
| ११६९१ - अन्य कर | १००००० | २२०८६९ | २२०.८७ |
| १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २५००००० | १३५६५१५ | ५४.२६ |
| १४२१२ - सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | १२०००० | ११४९६ | ९.५८ |
| १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ० | ११००० | - |
| १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ० | ५७५० | - |
| १४२२१ - न्यायिक दस्तूर | ५००० | ३०० | ६ |
| १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ५००० | ५०० | १० |
| १४२२४ - परीक्षा शुल्क | ५००० | ३३७०० | ६७४ |
| १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ९०००० | २९९००० | ३३२.२२ |
| १४२४३ - सिफारिश दस्तुर | ३४०००० | २४१२०० | ७०.९४ |
| १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | २१०००० | १६५६०० | ७८.८६ |
| १४२४५ - नाता प्रमाणित दस्तुर | ३२००० | ३८५०० | १२०.३१ |
| १४२४९ - अन्य दस्तुर | २७९००० | ३९७८५ | १४.२६ |
| १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५०००० | ३५६५६० | ७१३.१२ |
| १४२६३ - जलस्रोत सम्बन्धी अन्य दस्तुर | २०००० | ४७०० | २३.५ |
| १४२६५ - अन्य क्षेत्रको आय | ५०००० | १८६७० | ३७.३४ |
| १४३११ - न्यायिक दण्ड जरिवाना र जफत | ३५००० | ३००० | ८.५७ |
| १४३१२ - प्रशासनिक दण्ड जरिवाना र जफत | २०००० | ० | 0 |
| १४५२९ - अन्य राजस्व | ० | ३११७० | - |
| १४६११ - व्यवसाय कर | १००००० | २२० | ०.२२ |
| जम्मा | ४९८०००० | ३५८९८०२.२७ | ७२.०८ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

## २८ सामाजिक सुरक्षा भत्ता

२८.१ सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यस वर्ष नेपाल सरकारबाट रु. ४,७६,०८,०९१/-

निकासा गरेकोमा पुरै रकम खर्च देखाई आर्थिक विवरण पेश गरेको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता त्रैमासिक रूपमा बैंक मार्फत वितरण गर्ने गरेको पाइयो । यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन् ।

२८.२ यस पालिकाबाट गत आर्थिक वर्ष २०७९।८० र आर्थिक वर्ष २०८०।८१ मा देहाय अनुसारका लाभग्राही रहेको देखियो ।

| सि.नं. | लाभग्राही वर्ग | भत्ता दर | २०७९।८० मा रहेका लाभग्रहीको संख्या | २०८०।८१ मा रहेका लाभग्रहीको संख्या |
|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक ६८ वर्ष माथि | ४००० | ५९० | ५९४ |
| २ | ज्येष्ठ नागरिक दलित | २६६० | ६१ | ७६ |
| ३ | ज्येष्ठ नागरिक एकल महिला | २६६० | ७५ | ८१ |
| ४ | विधवा (आर्थिक सहायता) | २६६० | १७२ | १८० |
| ५ | पूर्ण अपाङ्ग | ३९९० | ३२ | ३४ |
| ६ | अति अशक्त अपाङ्ग | २१२८ | ६७ | ७७ |
| ७ | दलित बालवालिका | ५३२ | १९० | २१६ |

पालिकाले सामाजिक सुरक्षा वापत आर्थिक वर्ष २०७९।८० मा लाभग्राहीलाई रु. ४ करोड ५७ लाख ३८ हजार खर्च भएकोमा आ.व. २०८०।८१ मा रु. ४ करोड ७६ लाख ८ हजार खर्च भएको देखिन्छ। गत वर्षको तुलनामा यो वर्ष रु. १८ लाख ७० हजार वढी खर्च भएको छ ।

२८.३ विवरण पेश तथा समीक्षा र सार्वजनिक सुनुवाईः कार्यविधिको दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन । साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक सुनुवाई भएको देखिएन ।

२८.४ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखि अद्यावधिक गरेको देखिएन ।

२८.५ एक आर्थिक वर्षमा एक पटक पटक पनि रकम नझिकेका लाभग्राहीः कार्यविधिको दफा २६ (३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले बैंकबाट विवरण प्राप्त गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी नियमानुसार कार्य गर्नुपर्दछ ।

## २९ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले उल्लेखित पदहरूमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु. १२१४००००।- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरित तथा दरबन्दी वेगर करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन ।

| **पद** | **नियुक्ति संख्या** | **तलब भत्ता रु.** |
|---|---|---|
| सब ईन्जिनियर | १ | २९६००० |
| उद्यम संयोजक | १ | २९६००० |
| राजस्व शाखा संयोजक | १ | २९६००० |
| सहायक चौथो | ९ | २४३०००० |
| सहायक कम्प्यूटर अपरेटर | ५ | १३५०००० |
| महिला विकास सहजकर्ता | १ | २७०००० |
| खानेपानी तथा सरसफाई संयोजक | १ | ४००००० |
| समाजिक परिचालक | ६ | १६२०००० |
| ल्याव असिस्टेन्ट | ५ | १३७६००० |
| फार्मेसी सहायक | १ | २९६००० |
| अहेव | ९ | २४३०००० |
| अनमी | ४ | १०८०००० |
| | जम्मा | १२१४००००।- |

३० **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन सन्चालन व्यवस्थापन कर्मचारी नियुक्ती, सेवा र शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिमहुने उल्लेख रहेको छ भने दफा८६(२) मा उपदफा १ को अधिनमा रही स्थानीय सेवाको गठन, सञ्चालन व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन अनुसार हुने रहेको छ ।पालिकाले कार्यपालिका निर्णय गरी आ.व. २०८०।८१ मा करार कर्मचारी पोषण स्वंयसेवक अम्बिका ठगुन्ना र अलका ठगुन्नालाई करार सम्झौतामा उल्लेख नगरि प्रोत्साहन भत्ता वापत भुक्तानी गरेको रकम अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ८२,१०० |

३१ **कर कट्टा नगरेको**

आयकर ऐन २०५८ को दफा ८ रोजगारीबाट भएको आय गणना गर्दा कुनै व्यक्तिले रोजगारीबाट वर्षभरिमा प्राप्त सम्पूर्ण आयलाई समावेश गर्नुपर्दछ भन्ने व्यवस्था रहेकोमा पालिकाले जग्गा बर्गीकरण सम्बन्धी कार्यमा खटिए वापत नापी विभागका नापी अधिकृत श्री राम जोशी तथा सर्भेक्षक श्री पुरुषोत्तम साउदलाई १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टागरी एकमुष्ठ रूपमा रु २०००००।- भुक्तानी दिएको देखिन्छ। निजहरुले जग्गा वर्गिकरण वापत प्राप्त गरेको आयलाई वार्षिक आयमा समावेश गरि नियमानुसार लाग्ने कर कट्टी गर्नुपर्नेमा १ प्रतिशतमात्र कर कट्टी गरेको देखिएकोले वार्षिक आयमा गणना गरि कर कट्टी भएको प्रमाण पेश गर्ने अन्यथा आयकर ऐन २०५८ को दफा ८८ अनुसारको भुक्तानीमा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था अनुरुप सम्बन्धित बाट असुल गर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,००० |

३२ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने, भ्रमणबाट फर्के पश्चात उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धी समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने

कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राखुपर्ने व्यवस्था छ ।साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्ने उल्लेख छ । गाउँपालिका कार्यालयले यो वर्ष भ्रमण खर्च र अनुगमन मूल्याङ्कन शीर्षकमा रु. १९५५६९५।- खर्च लेखेको देखियो । भ्रमण खर्चमा नियमतता अपनाउनु पर्दछ ।

लेखापरीक्षणको क्रममा संकलन गरिएको विवरण अनुसार गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीले सबैले दैनिक भ्रमण भत्ता प्राप्त गरेको देखियो । कार्यालय प्रमुख, लेखा प्रमुख, प्राविधिक शाखा प्रमुख, प्रशासन शाखाका कर्मचारी, जिन्सी हेर्ने कर्मचारी, योजना हेर्ने कर्मचारी नै औचित्य नखुल्ने गरी भ्रमणमा जाने गरेको देखिएको छ । भ्रमण खर्च भुक्तानी भएका सबैजसो भ्रमण आदेशमा भ्रमणको स्पष्ट उद्देश्य र कारण नखुलाई कार्यालयको कामकाजको लागि भनी उल्लेख गरेको कर्मचारी वा पदाधिकारी भ्रमण गई कार्यालयको काम सम्पादन गरेको पुष्टि हुने प्रमाण तथा सबै भ्रमणमा भ्रमण प्रतिवेदन पेश हुने नगरेकोले भ्रमण खर्च सरकारी कामको लागि भएको हो भनि यकीन गर्ने अवस्था देखिएन । पेश भएका भ्रमण आदेश तथा भ्रमण बिल लगायत कागजातबाट भ्रमण खर्चको औचित्य पुष्टि हुने देखिँदैन । वडा सचिव, कार्यालय सहयोगी, वडा अध्यक्ष, सदस्य लगायत अधिकांश पदको कार्य विवरण अनुसार पालिका बाहेक अन्यत्र खासै काम नहुनेमा प्रत्येक महिना कार्यालयको कामकाज उल्लेख गरी जिल्ला सदरमुकाम खलङ्गा दार्चुला तथा जिल्ला बाहिर धनगढी लगायत स्थानमा गएको देखाउने गरेको पाइयो । जुन भ्रमणको औचित्य पुष्टि हुने देखिँदैन । भ्रमणमा खटाउने सम्बन्धमा कार्यालय प्रमुखले आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गरेको देखिएन । यसरी आवश्यकता र औचित्य वेगर भ्रमण आदेश स्वीकृत गर्ने र भ्रमण गर्ने परिपाटीमा अविलम्ब नियन्त्रण हुनुपर्दछ ।

३३ **पदाधिकारी तथा कर्मचारी उपचार**

सुदूरपश्चिम प्रदेश सरकारद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको सुविधा अन्तर्गत पदाधिकारीहरूको स्वास्थ्यउपचार वापत भुक्तानी गर्न सक्ने कुनै व्यवस्था रहेको देखिदैन । पालिकाले कार्यपालिका बैठक नं. १० मिति २०८०।११।०१ को बैठकबाट गाँउपालिका अध्यक्ष दलजित सिंह धामी तथा हसचा जयभान सिंह ठगुन्नाको उपचार वापतको रकम भुक्तानी गर्ने निर्णय गरी गोभौनं. ४६४।२०८१।३।१४ बाट रु ५२७५५८।- हसचा जयभान सिंह ठगुन्नालाई भुक्तानी गरेको देखिन्छ । गाँउपालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि न्यून रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने विषयहरूमा केन्द्रीत भई कार्य गर्नुपर्नेमा यसरी पदाधिकारी तथा कर्मचारीहरूको व्यक्तिगत खर्च समेत कार्यपालिकाबाट निर्णय गराई खर्च गर्ने परिपाटीमा सुधार गर्नु पर्दछ ।

३४ **कार्यविवरण विपरित कार्य**

सरकारी तलब भत्ता भुक्तानी पाउने कर्मचारी पदाधिकारीले नियुक्त भएको सेवा तथा कार्य विवरण अनुसारको कार्य सम्पादन गर्नुपर्दछ । पालिकाको शिक्षा शाखामा लटिनाथ मावि खार विद्यालयका शिक्षक रामसिंह बोहराको सट्टा करारमा शिक्षक राखी निजलाई पालिकाको शिक्षा शाखामा कार्य गराएको छ । हाल सोही विद्यालयमा दरबन्दीमा कार्यरत शिक्षक शाहीलाई यस वर्ष सम्बन्धित विद्यालयबाट नै रू. ५०२४२४।- तलव भत्ता भुक्तानी भएको छ । दरबन्दी रहेको विद्यालयमा पठन पाठनको व्यवस्था हुने सुनिश्चत नभएको अवस्थामा शिक्षकलाई काजमा राखी पालिकाको काम लगाई भुक्तानी गरेको नियम सम्मत नदेखिएको रू

| | |
|---|---|
| अनियमित भएको | ५,०२,४२४ |

३५ **गत आ.व. को दायित्व**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था उल्लेख छ ।सोही नियमावलीको ३९(१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये तलब, भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, रासन, खाद्यान्न, सिधा, औषधि उपचार खर्च, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका खर्चहरूमात्र भुक्तानी दिन मिल्ने र उल्लेखित खर्च बाहेक अन्य खर्चको भुक्तानी दिन मिल्ने व्यवस्था छैन ।पालिकाको निम्न गोश्वारा भौचरहरूबाट गत आ.व.को बैठक भत्ता वापत भुक्तानी गरेको रकम नियम विपरित देखिएको रु

| गो भौ नं. मिति | कार्यक्रम | कैफियत | रकम |
|---|---|---|---|
| १७०।२०८०।९।२४ | विपद व्यवस्थापन समितिको बैठक भत्ता | मिति २०७९।३।५ देखी २०८०।३।५ सम्म विभिन्न मितिमा विपद व्यवस्थापन समितिको ५ वटा बैठक बसेको माईन्यूट संलग्न गरी भुक्तानी | रु ७५०००।- |
| २३२।२०८०।१०।२१ | न्यायिक समितिको बैठक भत्ता | न्यायिक समितिको गत आ.व. को माईन्यूट संलग्न गरी छुट भत्ता वापत भुक्तानी | रु १०६५००।- |
| | जम्मा | | १८१५००।- |

| | |
|---|---|
| अनियमित भएको | १,८१,५०० |

### ३६ पदाधिकारी तथा कर्मचारी उपचार

सुदूरपश्चिम प्रदेश सरकारद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको सुविधा अन्तर्गत पदाधिकारीहरूको स्वास्थ्यउपचार वापत भुक्तानी गर्न सक्ने कुनै व्यवस्था रहेको देखिदैन । पालिकाले कार्यपालिका बैठक नं. १० मिति २०८०।११।०१ को बैठकबाट गाँउपालिका अध्यक्ष दलजित सिंह धामी तथा हसचा जयभान सिंह ठगुन्नाको उपचार वापतको रकम भुक्तानी गर्ने निर्णय गरी गोभौनं. ४६४।२०८१।३।१४ बाट रु ५२७५५८।- हसचा जयभान सिंह ठगुन्नालाई भुक्तानी गरेको देखिन्छ । गाँउपालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि न्यून रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने विषयहरूमा केन्द्रीत भई कार्य गर्नुपर्नेमा यसरी पदाधिकारी तथा कर्मचारीहरूको व्यक्तिगत खर्च समेत कार्यपालिकाबाट निर्णय गराई खर्च गर्ने परिपाटीमा सुधार गर्नु पर्दछ ।

### ३७ सवारी साधन भाडा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ मा भाडामा लिनपर्ने सवारी साधनको विवरण, स्पेसिफिकेशन, अवस्था र आयु, प्रचलित बजार दर, भाडा लिने अवधि, इन्धनको मूल्य र खपत तथा समितिले उपयुक्त ठहर्‍याएको अन्य कुराहरू विचार गरी उपनियम २ बमोजिमको समितिले नियम ९ को अधिनमा रही लागत अनुमान तयार गरी खुल्ला, स्वच्छ तथा निष्पक्ष प्रतिस्पर्धा गराई खरिद कार्य गर्नुपर्ने उल्लेख छ। तर कार्यालयले उक्त व्यवस्था बमोजिम लागत अनुमान तयार नगरी खरिद कार्यमा प्रतिस्पर्धा सिमित हुने गरी कार्यालय प्रयोजनको लागि साउनदेखि माघ महिनासम्म प्रति महिना ६७०००।- का दरले ७ महिनाको रु ४६९०००।- तथा प्रति दिन रु ६०००।- का दरले प्रयोग भएको दिनका आधारमा राजेन्द्र सिंह धामीसँग मिति २०८०।१०।५ मा सम्झौता गरी प्रयोग गरेको आधिकारिक प्रमाण बेगर गाडी भाडा बापत रु. ३४६७३६।- भुक्तानी दिएको देखिन्छ भने प्रयोजन नखुलाई गरिएको सम्झौताको आधारमा पटक पटक विभिन्न व्यक्तिहरूलाई गाडी भाडा बापत भुक्तानी दिएको समेत गरी आ.व. २०८०।८१ मा गाडी भाडाबापत कुल रु. १०,७१,६९६।- खर्च गर्दा उपर्युक्त व्यवस्था अनुरुप भाडाको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद नगरी व्यक्ति तथा संस्थासँग सोझै सम्झौता गरेको पाइयो । पालिकाले हालसम्म कार्यालयको नाममा गाडी खरिद नगरेकोले गाडी भाडा लिनु पर्ने वाध्यता भएको भन्ने पालिकाको भनाई रहेको छ । यसप्रकारको पटके खर्च नियन्त्रण गर्न लाभ लागतको समेत विचार गरी गाडी खरिद गर्ने वा वार्षिक रूपमा एकमुष्ट भाडा सम्झौता गर्नु पर्दछ । खरिद नियमावलीले तोकेको प्रक्रिया अपनाउन तर्फ पालिकाको ध्यानजानु पर्दछ ।

### ३८ इन्धन खर्चको मापदण्ड

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ प्रमाणित लगबुक समेत संलग्न नराखी इन्धन कार्यालय प्रयोजनको पालिका चालुबाट रु. १३६२०४७।- तथा पालिका पुँजीगत बाट रु. १६९०५८।- खर्च गरेको छ। सवारी साधन अनुसार वर्षभरी के कति इन्धन प्रयोग भयो र सो मापदण्ड बमोजिम भए नभएको यकीन हुने गरी अभिलेख राखेको छैन । इन्धनको बिल प्राप्त गर्ने र सवारी लगबुक पनि पूर्ण नभरी र सम्बन्धित

पदाधिकारीले प्रमाणित नगरी खर्च लेखे पदाधिकारीलाई जिम्मेवार बनाईनुपर्दछ । इन्धन खर्चलाई मितव्ययी बनाउन निश्चित मापदण्ड भित्र रहेर मात्र खर्च लेख तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ

३९ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन**

पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६क को उपनियम ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोषखातामा पठाउने व्यवस्थाछ। त्यस्तै, गोरखापत्र संस्थान धर्मपथ काठमाडौंले मिति २०७४/४/२३ को पत्रमा सरकारी विज्ञापन प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने नीतिगत व्यवस्था गरेको उल्लेख छ ।गोरखापत्र बाहेक अन्य प्रकाशन समेतले सरकारी सुचना तथा विज्ञापनमा छुट दिने निर्णय गरेको देखिन्छ तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.७१०८३५।- खर्च गरेकोमा उक्त व्यवस्थाको कार्यान्वयन गरेको पाइएन ।साथै सूचना विज्ञापन छपाई गर्दा कार्यदिश समेत संलग्न नभई विलको आधारमा भुक्तानी भएकोले यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यम प्रयोग गरी प्रतिस्पर्धात्मक विधिवाट खरिद गरिनु पर्दछ ।

४० **घरभाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(११) मा सार्वजनिक निकायले वार्षिक पाँच लाख भन्दा बढी भाडा तिर्नुपर्ने गरी घर भाडामा लिनुपरेमा नियम ९४(४) बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने समितिबाट घर भाडा निर्धारण गर्नुपर्ने व्यवस्था छ । यस जिल्लाबाट कायम भएको जिल्ला दररेट अनुसार गाडी जाने बाटो भएकोमा रु १५।- प्रति वर्ग फिट गाडी जाने बाटो नभएकोमा रु १३।- प्रति वर्गफिट उल्लेख छ । पालिकाले यस वर्ष गाउँपालिका चालू शीर्षकबाट विभिन्न विषयगत शाखा तथा कर्मचारी पदाधिकारि आवाश वापत ६,३९,५००।- घर भाडा वापत भुक्तानी गरेको छ । नियममा भएको व्यवस्था बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको समितिबाट भाडा निर्धारण गरेको छैन । साथै, कोठाको क्षेत्रफललाई आधार लिई घर भाडा निर्धारण गरेको देखिएन । कानूनमा भएको व्यवस्थाको पूर्णपालना हुनुपर्दछ ।

४१ **वृतचित्र निर्माण तथा प्रशारण**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीति मार्गदर्शन, २०७५ मा भएको व्यवस्था अनुसार कार्यालयले खर्चमा मितव्ययिता ल्याई काम गर्नुपर्ने तथा कार्यालयमा आर्थिक भार पर्ने हिसाबले अनुत्पादक क्षेत्रमा खर्च गर्न हुँदैन भन्ने व्यवस्था रहेको छ ।

सार्वजनिक निकायले दश लाख रुपैयाँसम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिमदर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएकासंस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नु पर्नेछ । तोकिएको कार्य क्षेत्रगत सर्त पुरा गरी न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृतिका लागि सिफारिस गरेमा उक्त प्रस्ताव स्वीकृत गरी काम गराउन सकिने उल्लेख छ । पालिकाले गोभौनं. ६२।२०८०।६।३० बाट टिभी टुडे नेटवर्क प्रालिलाई टिभी कार्यक्रम निर्माण तथा प्रशारण वापत रु ८१०७७५।- भुक्तानी दिएको सन्दर्भमा देखिएका व्यहोराहरू देहाय अनुसार छन् ।

· टि भी टुडेको युट्यूब पेजमा हेर्दा ५ वर्ष पहिले पनि टि भी टुडेले नौगाड गाँउपालिकाको वस्तुस्थितिहरू समावेश गरी वृतचित्र तयार गरेको देखिन्छ । सरकारी रकम खर्च गर्दा सरकारी निकाय तथा जिम्मेवार व्यक्तिले मितव्ययी तथा गुणात्मक प्रतिफल प्राप्त हुने गरी खर्च गर्नुपर्नेमा एक पटक तयार गरी प्रशारण गरिसकेको तथा यूट्यूबमा सजिलै उपलब्ध भएको वृतचित्रको पुन: निर्माणगर्ने कार्य औचित्यको हिसाबले उपयुक्त देखिएन ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरूमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । साथै

नियम ११५ बमोजिम सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले लागत अनुमान नबनाई आपूर्तिकर्ताले प्रस्ताव गरेको दररेटका आधारमा सम्झौता गरेको देखिन्छ । लागत अनुमान तयार नगरी खरिद गर्दा सार्वजनिक खरिद मितव्ययी, पारदर्शी हुन नसक्ने भएकाले नियमावलीमा भएको व्यवस्था अपनाई खरिद गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,१०,७७५ |

४२ **अन्य कार्यालयको खर्च** (547-२०८१-३-२१):

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ ।जिल्ला प्रहरी कार्यालय, दार्चुलाको कम्पाउण्डमा इन्डोर निर्माणको लागि रू. ३ लाख भुक्तानी गरेको छ । साझेदारीमा निर्माण गरिएको उल्लेख भए पनि उक्त निर्माण कार्यको कुल लागत अनुमान तथा कार्य सम्पन्न हुँदा मूल्यांकन रकम नखुलाई भुक्तानी बराबरको विल भर्पाइको आधारमा भुक्तानी दिएको छ । यस प्रकारको खर्च नियन्त्रण गर्नु पर्दछ ।

४३ **विविध खर्च**

महालेखा नियन्त्रक कार्यालयद्धारा प्रकाशित एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या २०७४ अनुसार खर्च संकेत नं.२२७११ विविध खर्च शीर्षकबाट वार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरू सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शीर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाको विविध खर्च शीर्षकमा रु.२८०००००।- बजेट व्यवस्था गरेकोमा रु.२६५०२२६।- खर्च गरेको छ । उक्त खर्च अन्तर्गत अधिकाशं खर्च होटलको बिल पेश हुने गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र पेश हुने गरेको छ । पेश भएका बिलबाट मात्र खर्च पुष्टि हुने देखिदैन । खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरी यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता अपनाउनु पर्दछ ।

४४ **खेलकुद कार्यक्रम**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउन पर्ने व्यवस्था, सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिकनिकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने, बुँदा नं. १०(2) मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ बमोजिम अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा आर्थिक कारोबार प्रचलित कानूनबमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको, कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति भएको कामको गुणस्तर र परिमाणसमेत सन्तोषजनक भएको, कुनै काम अनावश्यक रूपमा दोहोरो हुनेगरी नगरिएको, स्वीकृत लागत र खर्चको सीमाभित्र रही कार्यकम सञ्चालन गरिएको जस्ता विषय सुनिश्चित भएको यकीन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लिखित व्यवस्था अनुसार मितव्ययिता नीति अवलम्बन तथा मापदण्ड तयार नगरी राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा कर्मचारिलाई लागत अनुमान तयार समेत नगरी एकमुष्ट जिल्लास्तरीय तथा पालिकास्तरीयको लागि गोश्वारा भौचर नम्बर ५५।२०८०।१०।१९ बाट १०००००।-, गोश्वारा भौचर नम्बर ५७।२०८०।११।२४ बाट १५००००।-, गोश्वारा भौचर नम्बर ७३।२०८०।१२।८ बाट ८९५२५९।-, गोश्वारा भौचर नम्बर ७४।२०८०।१२।१२ बाट ६२७००।-, गोश्वारा भौचर नम्बर ७५।२०८०।१२।१२ बाट ११७५२०।-, गोश्वारा भौचर नम्बर ७७।२०८०।१२।१२ बाट ३५००००।-र गोश्वारा भौचर नम्बर ९१।२०८०।२।२४ बाट २६९३६०।- समेत रु. १९,४४,८३९।- खर्च गरेको छ । पालिका तथा जिल्ला स्तरीय खेलकुद कार्यक्रम वार्षिक रूपमा सन्चालन हुने भएकोले कार्यालयले खर्च को मापदण्ड तयार गरी खर्च गर्नुपर्दछ । रु १ लाख भन्दा बढीको होटल सेवा खरिद गर्दा निश्चित मापदण्डको आधारमा लागत अनुमान तयार गरी र न्यूनतम दर माग गरी प्रतिस्पर्धात्मक रूपमा सेवा खरिद गर्नुपर्नेमा नगरेको रु २० हजार भन्दा बढीको खरिद मूल्य अभिवृद्धि करमा दर्ता भएकासँग खरिद

गर्नुपर्नेमा सहभागिलाई खाजा, खाना, होटल बास, यातायात खर्च लगायतमा अधिकांश पान बिल संलग्न गरी खर्च गरेको रकम सम्बन्धमा बास्तबिकता यकीन गरी खर्च रकम मितव्ययी तथा प्रभावकारी भएको सुनिश्चितता गर्नुपर्दछ ।

४५ **सम्झौता नभएको खर्च भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले बतास ईन्भेसमेन्टसँग मासिक रु. ६७००० भुक्तानी गर्ने शर्तमा सवारीसाधन प्रयोग गर्दै आएकोमा सम्झौतामा उल्लेख नभएको बीमा तथा नवीकरण शुल्क वापत रु. ५०५००।- भुक्तानी गरेको देखिन्छ । भाडमा लिएको गाडी २०८० चैत ३० गते दुर्घटनामा परेको कारण बीमा नवीकरण शुल्क भुक्तानी गरेको छ । यसरी सम्झौतामा नभएको भुक्तानी रकम सवारी धनी बतास ईन्भेसमेन्टबाट बीमा नवीकरण शुल्क फिर्ता लिनुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ५०,५०० |

४६ **शिक्षक दरबन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४३ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क स. | विद्यालयको नाम | सन्चालित कक्षा | स्वीकृत दरबन्दी | राहत | पालिकाबाट थप | शि.सि. अनुदान | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नौगडेश्वरी आवि होपरीगाड | १ देखि ५ | 1 | 1 | 1 | 0 | 37 |
| २ | भूमिराज आवि धौलोटे | १ देखि ५ | 2 | 0 | 1 | 0 | 40 |
| ३ | भूमिराज आवि रैचु | १ देखि ८ | 2 | 1 | 3 | 1 | 101 |
| ४ | मालिकार्जुन आवि एगरभगे | १ देखि ८ | 2 | 1 | 2 | 1 | 117 |
| ५ | समैजी मा.वि. सौकेबगड | १ देखि १० | 3 | 0 | 5 | 1 | 198 |
| ६ | देवी आवि गडिगाड | १ देखि ८ | 2 | 0 | 3 | 1 | 117 |
| ७ | समैजी आवि परीगाउँ | १ देखि ८ | 1 | 1 | 3 | 1 | 84 |
| ८ | जनहित मावि धुलिगाडा | १ देखि १२ | 7 | 3 | 7 | 0 | 455 |
| ९ | मालिकार्जुन आवि सल्याड | १ देखि ५ | 2 | 1 | 1 | 0 | 70 |
| १० | भवानी आवि धुलिगाडा | १ देखि 8 | 3 | 0 | 2 | 0 | 79 |
| ११ | भूमिराज आवि खालिडाडा | १ देखि ५ | 2 | 0 | 2 | 0 | 74 |
| १२ | दुर्गा आवि डाडा | १ देखि ५ | 1 | 1 | 1 | 0 | 60 |
| १३ | जयदेवी आवि रैचु | १ देखि ५ | 0 | 1 | 2 | 0 | 42 |
| १४ | मालिकार्जुन आवि मल्ला रैचु | १ देखि ५ | 0 | 0 | 2 | 0 | 22 |
| १५ | दिपज्योति आवि च्युरेबगड | १ देखि ३ | 0 | 0 | 0 | 0 | 59 |
| १६ | सल्लेधार आवि सल्ला | १ देखि ५ | 3 | 0 | 0 | 0 | 43 |
| १७ | देवेश्वरी आवि कैदमकोट | १ देखि ३ | 2 | 0 | 0 | 0 | 26 |
| १८ | गौरीशंकर मावि नागु | १ देखि १० | 2 | 2 | 4 | 2 | 163 |
| १९ | भवानी आवि साङपाङ | १ देखि ५ | 1 | 2 | 1 | 0 | 54 |
| २० | दुर्गा भवानी आवि जात्रा | १ देखि ५ | 0 | 1 | 2 | 0 | 35 |
| २१ | भुमिराज मावि इयरकोट | १ देखि १० | 4 | 3 | 3 | 1 | 219 |
| २२ | परमेश्वरी आवि पनखाए | १ देखी ३ | 0 | 1 | 0 | 0 | 9 |
| २३ | हिमालय सिद्धनाथ आवि गोफा | १ देखी ३ | 0 | 1 | 0 | 0 | 7 |
| २४ | महादेव आवि लक्सेरी | १ देखि ५ | 0 | 1 | 2 | 0 | 55 |
| २५ | कृष्ण आवि चौरीगाउँ | १ देखी ८ | 2 | 1 | 3 | 1 | 134 |
| २६ | पानीधारा आवि दल्लेख | १ देखी ५ | 2 | 0 | 1 | 0 | 38 |
| २७ | लटिनाथ मावि खार | १ देखि १२ | 9 | 4 | 5 | 0 | 387 |
| २८ | केदारेश्वरी मावि सुण्डमुण्ड | १ देखी १० | 8 | 3 | 2 | 0 | 334 |
| २९ | ताराकोट भवानी आवि जामिर | १ देखी 8 | 3 | 0 | 3 | 1 | 166 |
| ३० | गणेश आवि डाडाजामीर | १ देखि ५ | 2 | 1 | 0 | 0 | 34 |
| ३१ | पसरौल आवि देउलाङ | १ देखि ५ | 1 | 1 | 1 | 0 | 35 |
| ३२ | डाडाबाग आवि तल्लासुण्डमुण्ड | १ देखी ५ | 0 | 0 | 0 | 0 | 89 |
| ३३ | सिद्धनाथ आवि पारीमेला | १ देखि ३ | 0 | 1 | 0 | 0 | 6 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३४ | दुर्गाभवानी आवि डाडा सिप्टी | १ देखि ५ | 2 | 1 | 1 | 0 | 68 |
| ३५ | मालिकार्जुन आवि भिड | १ देखि ५ | 1 | 1 | 1 | 0 | 33 |
| ३६ | गणेश विनायक मावि सिप्टि | १ देखि १२ | 9 | 5 | 4 | 0 | 556 |
| ३७ | भैरवराज आवि होपरी | १ देखि ८ | 4 | 2 | 1 | 1 | 176 |
| ३८ | दुर्गाभवानी आवि घोरकट्ट्या | १ देखि ५ | 3 | 0 | 0 | 0 | 45 |
| ३९ | भैरवनाथ आवि भैरौं | १ देखि ३ | 0 | 1 | 2 | 0 | 34 |
| ४० | डाडाबाग आवि चोटके | १ देखि ५ | 0 | 0 | 0 | 0 | 48 |
| ४१ | डाडाबाग आवि गैरा | १ देखि ३ | 0 | 0 | 0 | 0 | 51 |
| ४२ | भवानी आवि मल्लामट्टे | १ देखि ३ | 0 | 0 | 2 | 0 | 18 |
| ४३ | जलदेवी आवि घट्टकसाड | १ देखि ३ | 0 | 0 | 1 | 0 | 16 |
| कुल जम्मा | | | 86 | 42 | 74 | 11 | 4434 |

विद्यार्थी संख्या न्यून भएको विद्यालय शिक्षक दरबन्दी मिलान गर्ने वा विद्यालय मर्ज गर्नेतर्फ अग्रसर हुनुपर्दछ।

४७ **शिक्षकहरुको तलबी प्रतिवेदन**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८ को दफा २ मा कार्यालयले स्थायी शिक्षकहरूको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट समयमा पारित गराई अनुदान दिने उल्लेख छ । कार्यालयले निर्देशिकामा भएको व्यवस्था बमोजिम तलबी प्रतिवेदन समयमा पारित गराई मात्र शिक्षकको तलब भत्ता अनुदान भुक्तानी गर्नुपर्दछ ।

४८ **शिक्षकहरुको तलब बैंकमार्फत भुक्तानी**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा विद्यालयले शिक्षकहरूको तलब बैंक मार्फत भुक्तानी तथा शिक्षकहरूलाई मासिक रूपमा तलब भुक्तानी गर्नुपर्ने उल्लेख छ । तर कार्यालयले चौमासिकको अनुदान निकासा दिदाँ अघिल्लो चौमासिकको तलब बैकमार्फत शिक्षकहरूलाई भुक्तानी गरेको प्रमाण वेगर नै निकासा दिने गरेको देखियो । तसर्थ कार्यालयले अनुदान दिएको बमोजिमको शिक्षक राखे नराखेको, राखेको शिक्षकलाई समयमा भुक्तानी दिए नदिएको तथा भुक्तानी दिदाँ अघिल्लो निकासामा बढी भएको रकम मिलान हुने गरी शिक्षकलाई भुक्तानी भएको प्रमाणको आधारमा मात्र गर्नुपर्दछ ।

४९ **विद्यार्थी संख्याको आधारमा निकासा हुने अनुदान**

कार्यक्रम कार्यान्विय पुस्तिका २०८०।८१ को व्यवस्था बमोजिम EMIS मा भएको विद्यार्थी संख्यासँग भर्ना संख्या र टाउको गणना विधिबाट संख्या यकीन गरी विद्यार्थी संख्या सत्यापन फारम प्रमाणित गरी सोको आधारमा अनुदान रकम उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले विद्यार्थी संख्यको आधारमा उपलब्ध गराउने निःशुल्क पाठ्यपुस्तक अनुदान, छात्रवृत्ति, व्यवस्थापन तथा संचालन अनुदान लगायतका अनुदान रकम EMIS मा भएको विद्यार्थी संख्यको आधारमा निकासा दिएको छ । EMIS मा भएको संख्या र बास्तविक संख्या फरक पर्ने भएकोले पालिकाले सत्यापन फारम भरि प्रमाणित गरी सोको आधारमा अनुदान निकासा दिने व्यवस्था गर्नुपर्दछ ।

५० **निशुल्क पाठ्यपुस्तक अनुदान** (२५८-२०८१-३-७):

मिति २०८१।३।०७ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं. २.४.६.१ मा IEMIS अनुसार प्रविष्ट तथ्याङ्कसँग सत्यापन गराई यकीन संख्याका आधारमा दोस्रो चौमासिकभित्र विद्यालयहरूलाई निकासा दिने व्यवस्था छ । यसरी निकासा दिँदा पहिलोपटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्याको मात्र निकासा दिने र बाँकी २५ प्रतिशत रकम विधार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको आधारमा नपुग हुने रकम मात्र थप निकासा दिन सकिने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कसँग सत्यापन गराई यकीन संख्याको आधारमा पहिलो पटक ७५ प्रतिशत मात्र निकासा दिएकोमा दोस्रो पटक

विद्यार्थी भर्ना संख्या, पुस्तक खरिद विल तथा वितरणको भर्पाइको आधारमा नपुग भएमात्र शोधभर्ना भुक्तानी दिनुपर्नेमा निम्न विद्यालयलाई विल भर्पाइ बेगर भुक्तानी दिएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| **विद्यालयको नाम** | **जम्मा निकासा रकम** |
|---|---|
| पानीधारा आवि दल्लेख | २१७०९ |
| डाँडाबाग आवि चोट्के | २५०७५ |
| समैजी आवि परिगाउँ | ५४६२१ |
| दुर्गा आवि डाँडा | २९११३ |
| हिमालय सिद्धनाथ आवि गोफा | २८७८ |
| जनहित मावि धुलिगडा | ३८४९७१ |
| जम्मा | ५१८३६७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,१८,३६७ |

५१ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान** (२६०-२०८१-३-८):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.८.९ मा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराउँदा आधारभूत तहमा कम्तिमा १०० र माध्यमिक तहमा २०० विद्यार्थी संख्या भएको र सामाजिक मापदण्ड, २०७८ ले तोकेको विधि र प्रकृया बमोजिम उच्च अंक प्राप्त गर्ने विद्यालयलाई क्रमशः ३ लाख र २ लाख दिन सकिने व्यवस्था छ । पालिकाले विद्यार्थी संख्या ६८ भएको दुर्गा भवानी आ.वि. लाई २ लाख रुपैयाँ उपलब्ध गराएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको मापदण्ड नपुगेको विद्यालयलाई उपलब्ध गराएको अनुदान रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

५२ **समानिकरण अनुदानबाट शिक्षकको तलब भत्ता**

समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता– अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८१ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१८९५६२००।- तलब भत्ता भुक्तानी गरेको पाईयो । यस्तो खर्च नियन्त्रण गर्नु पर्दछ ।

५३ **शिक्षक दरबन्दी नभएको विद्यालयलाई एकमुष्ट अनुदान** (६२-२०८०-९-१६):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.८.९ मा शिक्षक दरबन्दी नभएका विद्यालयलाई एकमुष्ट १० लाख रुपैयाँ अनुदान दिने र यस्तो अनुदान प्राप्त गर्ने विद्यालयलाई अन्य कुनै किसिमको अनुदान उपलब्ध नगराउने र बार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चानल गर्ने कार्यविधि, २०७६ को दफा ८ मा अनुदान रकम शिक्षक, बालविकास सहजकर्ता र सहयोगीको पारिश्रमिक, विद्यालय व्यवस्थापन खर्च, शैक्षिक सामग्री खर्च र अन्य शैक्षिक सुधारको लागि आवश्यक खर्च गर्न पर्ने भनी उल्लेख गरेको छ । पालिकाले एकमुष्ट अनुदान प्राप्त गर्ने निम्न विद्यालयलाई निम्न बमोजिमको सञ्चालन तथा व्यवस्थापन अनुदान समेत उपलब्ध गराएकोले कार्यविधिको विपरित उपलब्ध गराएको रकम अनियमित देखिएको रु.

| विद्यालयको नाम | SIP | सार्वजनिक परीक्षण | सञ्चालन तथा व्यवस्थापन | जम्मा |
|---|---|---|---|---|
| दिपज्योति आवि च्युरेबगड | १५००० | १०००० | १५००० | ४०००० |
| डाडाबाग आवि चोट्के | १५००० | १०००० | १५००० | ४०००० |
| डाडाबाग आवि गैरा | १५००० | १०००० | १५००० | ४०००० |
| डाडाबाग आवि तल्ला सुण्डमुण्ड | १५००० | १०००० | १५००० | ४०००० |
| जम्मा | | | | १६०००० |

| | |
|---|---|
| अनियमित भएको | १,६०,००० |

५४ **विद्यालय सहायक कर्मचारी तलब** (५७ र १०२-२०८०-८-२२):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५५ **सेनिटरी प्याड खरिद**

सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाको छात्राहरूलाई महिनावारीको समयमा आवश्यक पर्ने महिनावारी सामग्री उपलब्ध गराई उनीहरूको स्वास्थ्यमा सुधार गरी सोही कारणबाट विद्यालय छोड्ने प्रवृत्ति न्यूनीकरण गर्नको लागि कुल ६०९०० प्याकेटको सेनिटरी प्याड प्रति प्याकेट २३ रुपैयाँको दरले रु.१५८२७९१।- खरिद गरेकोमा निम्न व्यहोरा देखिएको छ ।

५५.१ **वितरणः** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५ मा विद्यालयले आफ्नो छात्राको संख्याको आधारमा आवश्यक पर्ने सेनिटरी प्याडको संख्या माग गर्ने र शिक्षा शाखाले शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्यांक सँग भिडाई आवश्यक पर्ने संख्या विद्यालयको भण्डारण क्षमताको आधारमा त्रैमासिक वा अर्धवार्षिक रुपमा विद्यालय पठाउने व्यवस्था छ । पालिकाले खरिद गरेको सेनिटरी प्याड वितरण गर्दा विद्यालयलाई पेटीको हिसाबले वितरण गरेकोमा एक पेटीमा कति थान रहेको यकिन हुन सकिएन भने हाल भण्डारमा १० हजार ५६० प्याकेट मौज्दात रहेको देखिन्छ ।

विद्यालयले छात्रा संख्याको आधारमा माग आवश्यक सेनिटरी प्याड माग गर्ने र विद्यालयको भण्डारण क्षमता हेरी त्रैमासिक र अर्ध वार्षिक रुपमा विद्यालयलाई दिने र विद्यालयले नाम नामेसि सहित अभिलेखिकरण गरी वितरण गर्ने गरी विद्यालय नर्सलाई सम्पर्क व्यक्ति तोक्ने विद्यालय नर्स उपलब्ध नभएमा महिला शिक्षक वा महिला बालविकास सहजकर्ता वा महिला सहयोगी र महिला शिक्षक वा सहजकर्ता उपलब्ध नभएमा स्वास्थ्य तथा जनसंख्या अध्यापन गराउने शिक्षक तोकि समयमै वितरण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

तर पालिकाले विद्यालयलाई आवश्यक पर्ने सेनिटरी प्याडको विचार नगरी वितरण गर्ने गरेको छ । यसमा सुधार गरी आवश्यक संख्या र विद्यालयमा भएको मौज्दात भिडान गरी वितरण गर्नु पर्दछ ।

५५.२ **प्याड ढुवानीः** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा १९ (४) मा नेपाल सरकारबाट सःशर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरणमार्फत प्राप्त भएको स्रोत सेनिटरी प्याड खरिद गर्न बाहेक तालिम, ढुवानी, प्राथमिक उपचार जस्तो कार्यमा खर्च गर्न नपाउने उल्लेख छ । पालिकाले खरिद गरेको सेनिटरी प्याड विद्यालयसम्म ढुवानी गर्नको लागि संघीय सःशर्त अनुदानबाट खर्च गरेको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५०,००० |

५५.३ **खरिद परिमाण र वितरणः** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५ अनुसार विद्यालयले आफ्नो छत्राको संख्याको आधारमा आवश्यक पर्ने सेनिटरी प्याडको संख्या माग गर्ने र शिक्षा शाखाले शैक्षिक व्यवस्थापन सुचना प्रणालीको

तथ्यांक सँग भिडाई आवश्यक पर्ने संख्या विद्यालयलाई उपलब्ध गराउनुपर्ने उल्लेख छ । पालिकाले सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थामा भएको छात्राको संख्या एकिन नगरी निम्न परिमाणमा खरिद गरी विद्यालयलाई निम्न बमोजिमको संख्यामा वितरण गरेको छ ।

| विद्यालयको नाम | कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्रा संख्या | १० महिनाको लागि आवश्यक अधिकतम प्याड संख्या (प्रति महिनाबारी चक्र १६ पिसको दरले) | वितरण गरेको परिमाण |
|---|---|---|---|
| श्री गौरी शंकर मावि नागु | ७३ | १४६० | ६२ पेटी |
| श्री भूमिराज मावि ईयरकोट | ८६ | १७२० | ५५ पेटी |
| श्री केदारेश्वरी मावि सुण्डमुण्ड | ९२ | १८४० | ९० पेटी |
| श्री कृष्ण आवि चौरीगाउँ | ४० | ८०० | ३५ पेटी |
| श्री लटिनाथ मावि खार | २२८ | ४५६० | ९० पेटी |
| श्री ताराकोट भवानी आवि जामिर | ४३ | ८६० | ३० पेटी |
| श्री भैरव राज आवि डाँडा | ६६ | १३२० | ३० पेटी |
| श्री गणेश विनायक मावि सिप्टी | ३१७ | ६२४० | ९० पेटी |
| श्री समैजि आवि सौकेबगड | ५५ | ११०० | ७० पेटी |
| श्री जनहित मावि धुलिगडा | २३८ | ४७६० | ९५ पेटी |
| श्री समैजि आवि परिगाँउ | ७ | १४० | ३८ पेटी |
| श्री देवी आवि गडिगाड | १६ | ३२० | ३८ पेटी |
| जम्मा | | २५१२० | ७२३ पेटी |

कार्यविधिमा भएको व्यवस्था बमोजिम कक्षा ६ देखि १२ सम्म अध्ययन गर्ने छात्राको संख्याको आधारमा एक छात्रालाई एक महिनाबारी चक्रको लागि २ प्याकेटको दरले कुल २५ हजार १२० प्याकेट आवश्यक पर्ने देखिन्छ । तर कार्यालयले कुल ३८ हजार १०० प्याकेट सिल्ड कोटेशन मार्फत खरिद गरेकोमा पुनः बजेट बाँकी रहेको भनि पुन सोही दरमा २२ हजार ८०० गरी कुल ६० हजार ९०० खरिद गरेको देखिन्छ । बजेट सक्काउने हेतुले कुल आवश्यक पर्ने संख्या भन्दा बढी संख्यामा खरिद गरेको परिमाण ३७ हजार ७८० को २३ को दरले हुने भ्याट सहितको रकम रु.९२९९२२ औचित्यपूर्ण देखिएन । सार्वजनिक निकायले सामाग्री खरिद गर्नुपुर्व आवश्यक संख्या यकिन गरेरमात्र खरिद गर्नुपर्दछ ।

५६ **शीर्षक फरक पारी खर्च** (२६३-२०८१-३-१२):

एकीकृत खर्च संकेत बर्गीकरण र व्याख्या, २०७७ ले खर्च शीर्षक उल्लेख गरेको र सोही अनुरुप खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले आधारभूत तहका शिक्षक दरवन्दीका शिक्षक राहत अनुदान शिक्षको तलबबाट गाउँपालिकाको स्वास्थ्य करार कर्मचारीको तलबमा खर्च गरेको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,६४,५१० |

५७ **न्यानो झोला खरिद** (३८६-२०८१-३-२४):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा १० लाख रुपैयाँ सम्म लागत अनुमान भएको सामग्री खरिद गर्दा सूचीकृत भएको फर्मबाट दररेट माग गरी न्यूनतम दर पेश गर्ने फर्मसँग सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले आमा सुरक्षा कार्यक्रम अन्तर्गत न्यानो झोला खरिद गर्न एम. एस. सप्लायर्स, धनगढी, जी. के. ए. के. निरोज सप्लायर्स र एम. एस. सर्जिम्डबाट दररेट माग गरेकोमा न्यूनतम दररेट (भ्याट बाहेक रु.७९६.४६) पेश गर्ने एम. एस. सप्लायर्ससँग खरिद गरेको कोटेशन पेश भएको दर भन्दा बढी दरमा खरिद गरेको देखिएकोले निम्न बमोजिमको बढी रकम असुल गर्नुपर्ने रु.

| सामानको नाम | परिमाण | कोटेशनमा पेश भएको दर (भ्याट बाहेक) | खरिद भएको दर (भ्याट बाहेक) | फरक दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| न्यानो झोला | ५०० | ७९६.४६ | ८८४ | ८७.५४ | ४३७७० |
| जम्मा | | | | | ४३७७० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,७७० |

५८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न कुल निकासा प्राप्त रु. ८८१५०००।– मध्येबाट घोरेटो बाटो निर्माण, पर्खाल निर्माण, बाटो मर्मत, नाला मर्मत, ढुंगा सोलिङमा खर्च भएको छ । सामग्री खरिद तथा ढुवानी र कण्टिन्जेन्सी खर्च बाहेक श्रमिक ज्यालामा रु. ६३०७२५६।– खर्च भएको देखिन्छ । रोजगार कार्यक्रममा आवद्ध हुनको लागि ३८५८ जनाले निवेदन दिएकामा जम्मा ९६ जना छनोट भएको प्रतिवेदन गाँउपालिकाले तयार गरेको छ । पालिकका ६ वटा वडामा यो कार्यक्रम संचालन भएको जानकारी गाँउपालिकाले दिएको छ । ६ वटा वडामा सञ्चालित कार्यक्रममा ९६ जनालाई दैनिक ६६८ को दरले अधिकतम १०० र न्यूनतम् ७५ दपन दिन रोजगारी दिएको पाइयो ।यसरी सञ्चालित कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्यबीच तुलना गर्न सक्ने अवस्था छैन ।

५९ **खरिद कार्यमा प्रतिस्पर्धाको स्थिति**

५९.१ सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नु अगावै कानूनले तोके बमोजिम खरिद पहिचान, खरिद योजना तयार गरे नगरेको, स्वीकृत बजेटलाई टुक्राए नटुक्रयाएको तथा खरिद प्रकृया शुरु गर्न पूर्व मालसामान, निर्माण कार्य वा अन्य सेवाको स्पेसिफिकेशन, गुणस्तर, परिमाण, आपूर्तिका शर्तहरु र समय र अन्य आवश्यक विषयहरु स्पष्टरुपमा उल्लेख गरी सिलबन्दी दरभाउपत्रको फाराम तयार गरे नगरेको, [दफा ४०(२) र नियम ८४], राष्ट्रिय वा स्थानीय स्तरको समाचारपत्रमा कम्तीमा १५ दिनको अवधि दिई सूचना प्रकाशन गरे नगरेको [दफा ४०(३) र नियम ८४(३)]

५९.२ खरिद कार्यमा प्रतिस्पर्धाको स्थितिः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) तथा नियमावली २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम (e-Bidding) बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेकोछ ।साथै सोही ऐनको दफा २६(६) बमोजिम कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा रद्द हुने ऐनको प्रावधान रहेको छ ।कार्यालयले यस वर्ष १० वटा निर्माण तथा खरिद कार्य ठेक्का मार्फत गरेको छ । उक्त मध्ये ० देखि ५६.३८ प्रतिशत सम्म घटी कबोल गरी ठेक्का प्रतिस्पर्धा भएको देखिन्छ । यस वर्ष ठेक्का सम्झौता भएका ठेक्कामा भएको प्रतिस्पर्धाको अवस्था देहाय अनुसार छ ।

| क्र.सं. | कार्यक्रमको नाम | ठेक्का नंबर | बोलपत्र बिक्री सङ्ख्या | बोलपत्र दाखिला सङ्ख्या | लागत अनुमान | स्वीकृत रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| 1 | केदारेश्वरी मावि घेरपर्खाल तथा भवन निर्माण | NRM/NCB/W/ 07-2080/081 | 7 | 7 | ५००० | २६२२ | ४७.५६ |
| 2 | जनहित मावि १४ कोठे भवन निर्माण | NRM/NCB/W/04-2080/081 | 7 | 7 | ८००० | ३९१४ | ५१.०७ |
| 3 | Construction of ward no. 1 office building | NRM/NCB/W/03-2080/081 | ९ | ९ | १२००० | ६७९३ | ३९.३९ |
| 4 | गडिगाड सामुदायिक स्वास्थ्य एकाई भवन निर्माण | NRM/NCB/W/02-2080/081 | ५ | ५ | ५००० | २९७८ | ४०.४४ |
| ५ | नागु सामुदायिक स्वास्थ्य एकाई भवन निर्माण | NRM/NCB/W/05-2080/081 | २ | २ | ५००० | ४७९७ | ४.०६ |
| ६ | धुलिगडा मसानघाट देखि कठाबगर सम्म तटबन्ध निर्माण | NRM/NCB/W/06-2080/081 | १० | १० | ७००० | ३६०८ | ४८.५७ |
| ७ | Upgrading of sukekhola Pandhungakhan sadak | NRM/NCB/W/10-2080/081 | १ | १ | २६२५ | १७९० | ३१.८१ |
| ८ | औद्योगिकग्राम निर्माण नौगाड ४ सिप्टि | NRM/NCB/W/09-2080/081 | 8 | 8 | ५००० | २१८१ | ५६.३८ |
| ९ | मालिकार्जुन आवि भवन निर्माण | NRM/NCB/W/01-2080/081 | ४ | ४ | ५००० | ३२३१ | ३५.३८ |
| 10 | धुलिगडा मसानघाट देखि कठाबगर सम्म तटबन्ध निर्माण २ | NRM/NCB/W/08-2080/081 | 2 | 2 | ३००० | ३००० | ० |

## ६० **निर्माण सम्बन्धी नयाँ सरकारी लेखा फाराम**

निर्माणसम्बन्धी नयाँ सरकारी लेखा फारामः सरकारी लेखा निर्देशिका, २०७३ बमोजिम सार्वजनिक निर्माणको लेखा राख्ने जिम्मेवारी आर्थिक प्रशाासन शाखा प्रमुख हुने र सार्वजनिक निर्माणको लेखाको प्रत्येक कार्य र ठेक्का सम्झौता अनुसार छुट्टाछुट्टै लागत अनुमान, कार्य अभिलेख खाता, आइटमवाईज कार्य अभिलेख खाता, ठेक्केदारको व्यक्तिगत खाता, नापी किताब नियन्त्रण अभिलेख, डोर हाजिरी नियन्त्रण किताब, लगायतका अनुसुची तथा स्वीकृत म.ले.प.फारमहरू प्रयोग गरी अभिलेख राख्नुपर्दछ। कार्यालयले यस वर्ष समेत निर्माण सम्बन्धी नयाँ म.ले.प.फा.नं. ५०० देखि ५१४ सम्म फारामहरू प्रयोग गरेको पाइएन। यसबाट तोकिएका विवरणहरू तोकिएको ढाचाँमा प्राप्त नहुने तथा तोकिएको अभिलेख नराख्दा दोहोरो रूपमा सार्वजनिक निर्माण कार्य नभएको तथा आर्थिक अनुशासन र पारदर्शिता कायम भएको यकीन गर्न सकिने देखिएन।यसमा सुधार गर्नु पर्दछ ।

## ६१ **बोलपत्र सम्बन्धी कागजात (Standard bid document)**

बोलपत्र सम्बन्धी कागजात (स्टेण्डर्ड विड डकुमेन्ट): सार्वजनिक खरिद नियमावलीको नियम ३७ मा बोलपत्र सम्बन्धी कागजातमा ऐनको दफा १३ मा उल्लेखित कुरा बाहेक सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको अन्य कुराहरू हुने तथा नियम २४ मा कुनै खरिद सम्झौता सम्बन्धमा आवश्यक शर्तहरू सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र सम्बन्धी बमोजिम हुने उल्लेख छ । कार्यालय सार्वजनिक निकायले खरिद प्रक्रिया बोलपत्र वा सिलबन्दी दरभाउपत्र मार्फत गर्दा उक्त फारम प्रयोग गरेकोमा जि.सि.सि. बमोजिम एस्.सि.सि. मा अनिवार्य रूपमा तोक्नुपर्ने कार्यतालिका, एजबिल्ट ड्रोइ्ग र बीमासम्बन्ध शर्त राखेको देखिएन। यसकारण निर्माण व्यवसायीहरू जि.सि.सि. मा भएको शर्तहरू पुरा गर्न बाध्य भएको देखिएन। तसर्थ कार्यालय बोलपत्रसम्बन्धी कागजात तयारीमा जिम्मेवार हुनुपर्दछ।

## ६२ **नापी किताब र नापी नियन्त्रण खाता**

नापी किताब र नापी किताब नियन्त्रण खाताः लेखा निर्देशिका, २०७३ मा कार्यालयले ठेक्का वा अमानत वा अन्य प्रकृयाबाट के कति काम सम्पन्न भयो र के कति काम हुन बाँकी छ सोको व्यहोरा सम्बन्धित प्राविधिकबाट नापी गरी प्रमाणित गराई म.ले.प.फा.नं. ५०३ बमोजिमको नापी किताबमा अभिलेख राखी सम्पत्ति भौतिक रूपमा नष्ट नभएसम्म सुरक्षित राख्नुपर्दछ । यो किताब लुज सिटमा नराखी सुरुमा नापी नं. प्रत्येक आर्थिक वर्षका लागि क्रम सङ्ख्या नं. १ बाट सुरु गरी सिलसिलेबार रूपमा राख्नपर्दछ । नापी किताबको मुल अभिलेख राख्न नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) प्रयोग गर्नुपर्दछ । नापी किताब मुद्रित हुना साथ यस खातामा दर्ता गरी सम्बन्धित प्राविधिकलाई नापी किताब दिँदा यस अभिलेख खातामा चढाएरमात्र दिने गर्नुपर्दछ । कार्यालयले तोकिएको प्रक्रिया पुर्‍या्इ नापी किताब तयार तथा नापी किताब नियन्त्रण खाता राखेको छैन । यसकारण गतविगतमा भई सकेको कार्य पुनः दोहोरिएको हुन सक्ने सम्भावना धेरै देखिन्छ ।

६३ **सवारी साधन खरिद**

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले देहाय बमोजिमको सवारी साधन खरिद गरेको विवरण पेश भएको छ ।

| सवारी साधनको नाम | खरिद संख्या | खरिद रकम |
|---|---|---|
| मोटर साइकल | १ थान | ३६७७००।- |

६४ **जे.सि.वी. भाडामा समञ्चालन** (१८१-२०८१-३-२८):

जेसिवी भाडामा सञ्चालनः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्दछ । पालिकाले यस वर्ष देवहरि निर्माण सेवाबाट साउन देखि ४ महिनाको लागि होपरी देखि विनायक र होपरी देखि सितोली सिटटी सडक खण्डमा आएको पहिरो पन्छाउन तथा सडक सफाई र अवरोध हटउनको लगि Backhoe Loader मासिक २ लाखमा भाडामा लिने गरी २०७९।३।१९ मा सम्झौता गरेको छ । पहिरो पन्छाउने, सडक सफा गर्ने कार्यको नापी तथा मूल्यांकन बेगर भाडा कर कट्टी गरी रू. ७ लाख २० हजार भुक्तानी गरेको छ । यसरी सञ्चालित मेशिनबाट भएको कामको नापी तथा मूल्यांकन तयार नगरेकोले मेशिन भाडामा लिदाको लाभ लागत विश्लेषण गरेको पाइएन ।यसले गर्दा मेशिन सञ्चालन अविधि र कूल कार्यबीच तुलना गर्न सक्ने अवस्था छैन । यसमा सुधार हुनु पर्दछ ।

६५ **पेश्की**

पेश्कीः सार्वजनिक खरिद ऐनको दफा ५२ (क) को (६) मा लिएको पेश्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा उपदफा (१) बमोजिम लिएको पेश्की अग्रिम बैङ्क जमानत जफत गरी लिनुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) मा नियमानुसार नगरेमा निजबाट त्यस्तो पेश्की रकमको सयकडा १० प्रतिशत व्याज समेत असुल गर्नुपर्ने उल्लेख छ। उपभोक्ता समिति श्री चन्द्र सूर्य श्रम सहकारीले इयरकोट स्वास्थ्य चौकी भवनको वाल निर्माण गर्न रु. ८५००००।- पेश्की लिएको रकम २०८०।३।३१ सम्म फर्स्योट नगरेकोले नियमानुसार पेश्की फर्स्योट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ८,५०,००० |

६६ **बीमा**

बीमाः सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैंयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमका तोकिएको कुराको बीमा गराउनुपर्ने उल्लेख छ। बि.ओ.क्यु. मा बीमाको आइटम उल्लेख गरे पनि निर्माण व्यवसायीले तोकिए अनुसारको बीमा गराएको देखिएन । वीमा नगराई रनिङ बील भुक्तानी दिनेलाई जिम्मेवार बनाई नियममा भएको व्यवस्था बमोजिम संभावित जोखिम कम हुने गरी अविलम्ब बीमा गराउनुपर्दछ ।

६७ **स्थानीय तह प्रशासकीय भवन**

स्थानीय तह प्रशासकीय भवन निर्माणः ठेक्का नं NRM/NCB/w/17-078-79 को २०७८।६।१७ मा निर्माण व्यवसायी श्री राजेन्द्र/ नमस्कार/ सिद्धनाथ जे.भी. सँग २०८१।०३।०८ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु. ९१८१६१३६ (मु.अ.कर समेत) भएको कार्य रु ६४३८८७४४४ (मु.अ.कर सहित) मा सम्झौता भएको सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छनः

(क) त्रुटी सच्याउने अवधिः आ.व. ०७९।८० को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा सडक, पुल, बाँध, सिंचाई नहर जस्ता लामो समयसम्म सञ्चालनमा रहने रू.५ करोडभन्दा माथिका पूर्वाधार आयोजनाको हकमा नयाँ आयोजनाको ठेक्का व्यवस्थापन गर्दा निर्माण सम्पन्न भएपछि कम्तीमा पाँच वर्षसम्म सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत गर्नुपर्ने उल्लेख छ। तर कार्यालयले बोलपत्र कागजात तथा सम्झौतामा सो अवधी १ वर्ष मात्र राखेको देखिन्छ। यसकारण कार्यालयको मर्मत खर्चमा वृद्धि हुने तथा कार्य गुणस्तरीयता प्रभावकारी नहुने तथा निर्माण व्यवसायीको जवाफदेहिता घट्ने देखिन्छ। तसर्थ मार्गदर्शनमा भएको व्यवस्थाबमोजिम त्रुटी सच्याउने अवधि ५ वर्ष राखी सम्झौता अध्यावधिक गरिनुपर्दछ।

(ख)कम गुणस्तरको निर्माण सामग्रीको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा निर्माण स्थलमा सम्झौतामा क्रसर मेशिनबाट फुटाई स्क्रिनिङ्ग गरी चाली धोएर ल्याएको गिट्टी तथा बास गरिएको बालुवा र नेपाल बिल्डिङ्ग कोड अनुसारको गुणस्तरयुक्त एक नम्बर ईटा प्रयोग गर्नुपर्ने उल्लेख भएकोमा स्क्रिनिङ्ग नगरीएको नचालीएको नधोइएको हातले कुटेको रोडा गिट्टी, नन् वास र नचालिएको वालुवा र २ नं. कमसल ईटा प्रयोग गरिएको देखियो।यसरी सम्झौता विपरित कम गुणस्तर कार्य गर्ने निर्माण व्यवसायी तथा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई कमसल कार्य पुनः गराई गुणस्तर जाँच गरेको प्रमाण पेश गर्नुपर्दछ।

(ग) निर्माणस्थल छनोटः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले प्रमुख प्रशासकीय भवन निर्माणका लागि डि.पि.आर. प्रतिवेदन तयार गराएकोमा स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधिको बुँदा ५ को जग्गा मापदण्ड र बुँदा ६ को विस्तृत आयोजना प्रतिवेदनमा तोकिएबमोजिमको न्युनतम मापदण्ड तथा आधारभुत आवश्यकता तथा कार्यविधि बमोजिम स्वीकृत ड्रइङ डिजाइनलाई ख्याल नगरी तयार गरिएका डि.पि.आर. प्रतिवेदन तयार गरेको देखिएन। स्वीकृत डि.पि.आर प्रतिवेदन तयार भईसकेको योजनाको कार्यान्वयन सोबमोजिम हुनुपर्नेमा उक्त डि.पि.आर. प्रतिवेदनमा गर्नुपर्ने कार्यको विस्तृत कार्यपरिमाण, बार बेलेनडिङ्ग सिट तथा क्रिटिकल तथा नन् क्रिटिकल क्रियाकलापसहितको लागत समय तथा लागत अनुमान तथा अपाङ्गमैत्री संरचना तयार गरेको देखिदैन। साथै भवन निर्माण मापदण्ड बमोजिम खोलाको मापदण्ड, माटो परीक्षण तथा संरचना विश्लेषण नगरी बाढी तथा पहिरोको उच्च जोखिम भएको स्थानमा निर्माण कार्य गर्नु कानुनसँगत देखिदैन। यसप्रकारको लापरवाही गर्ने परामर्शदाता र जिम्मेवार पदाधिकारीलाई विभागीय कारवाही गरिनुपर्दछ।

(घ) प्राविधिक स्पेसिफिकेशन निरीक्षण तथा स्वीकृतिः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नु गरी त्यस्तो प्रतिवेदनलाई सार्वजनिक निकायले खरिद कारबाहीको अभिलेखको रूपमा राख्नु पर्ने उल्लेख छ। तर कार्यालयले प्रशासनिक भवन निर्माण कार्य अन्तर्गत खरिद गरेको रु ४१३०८०४।- को टाइल्सको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर तोकिएको बमोजिम भए/नभएको यकीन हुने गरी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। यसकारण प्राप्त सामान तोकिएबमोजिमको स्फेसिफिकेशनअनुसार प्राप्त भए नभएको यकीन गर्न गुणस्तर परीक्षण गर्ने कार्यलाई प्राथमिकतामा राख्नु पर्दछ ।

६८ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ ।पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले आ.व २०८०/८१ मा कन्टिन्जेन्सी बापत रू. ३८ लाख ९१ हजार कट्टी गरेको छ । उक्त रकम मध्ये रू. २० लाख २१ हजार खर्च भएको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

## ६९ जनहित माविधुलीगडा १४ कोठे विद्यालय भवन

६९.१ नागु सामुदायिक स्वास्थ्य इकाई भवन निर्माणः ठेक्का नं NRM/NCB/w/05-080-81 को २०८०।७।०३ मा निर्माण व्यवसायी श्री आनन्द निर्माण सेवा सँग २०८१।०३।१५ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु ४२,४६,३८२।(मु.अ.कर र प्रोभिजनल सम बाहेक) भएको कार्य रु ४२४५४३०। (मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा सम्झौता भई रु ४२२३४५६। (मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा कार्यसम्पन्न भएको सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छनः

| निर्माण कार्य | भुक्तानी ( मु.अ. कर बाहेक ) | कैफियत |
|---|---|---|
| नागु सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण | २०५००० | इलेक्ट्रिक तथा सेनेटरी कार्य |
| जनहित मा. वि . धुलिगडा १४ कोठे विद्यालय भवन | २५००० | इलेक्ट्रिक कार्य |
| जम्मा | २३०००० | |

**(क) अन्तिम भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार खर्च भएको बील भरपाईको लेखा राख्नुपर्ने र कुनै भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने र नियम १२३ मा सार्वजनिक निकायले प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बीलको भुक्तानी दिनुपर्ने उल्लेख छ। तर कार्यालयले निम्न निर्माण कार्यमा स्यानिटरी तथा इलेक्ट्रिसिटी कार्यको प्राविधिक नापजाँच गरी नापी किताबमा कार्य उल्लेख नगरी भुक्तानी दिएको देखिन्छ। तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम भए पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३०,००० |

६९.२ श्री जनहित मा.वि. धुलिगडा १४ कोठे विद्यालय भवन: ठेक्का नं 04-WORKS-NCB-VRM-080-81 को २०८०।०७।१० मा निर्माण व्यवसायी श्री बि.एम.आर. कन्स्ट्रक्सन प्रा. लि. सँग २०८१।३।१५ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु ६७५९४५७। ९२।(मु.अ.कर र प्रोभिजनल सम बाहेक) भएको कार्य ३४६४१५६।५०। (मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा सम्झौता भई हालसम्म रू. ३३४२७८८९।- भुक्तानी भएको सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छनः

(क) मापदण्डको पालनाः विद्यालयको भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० को बुँदा नं ६ मा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति गठन गर्नुपर्ने तथा बुँदा नं. ७ र ९ बमोजिम मापदण्ड पालना गरी मात्र विद्यालय निर्माण कार्य गर्नुपर्ने व्यवस्था छ। पालिकाले मापदण्डको पालना नगरी विद्यालय भवन निर्माण गरेको देखिन्छ। तसर्थ पालिकाले विद्यालय भवन निर्माण गर्दा तोकिएको मापदण्ड पुरा गरी मात्र विद्यालय जस्तो संवेदनशिल निर्माण कार्य गर्नुपर्दछ।

(ख) श्रोत सुनिश्चितताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने तथा खरिद कारबाहीको तयारी गर्दा खरिदको आर्थिक स्रोत र रकमको पहिचान गर्नुपर्ने तथा नियम ६ मा खरिदका लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारवाही सुरु गर्न नहुने उल्लेख छ। कार्यालयले विद्यालयको सम्पूर्ण कार्यको सम्झौता नगरी भवनको प्लास्टर र झ्याल ढोकाको कार्य नराखी आंशिक रूपमा ठेक्का सम्झौता गरेको तथा यस वर्ष बाँकी रहेको कार्यको लागि बजेट समेत विनियोजन गरेको

देखिएन। यसरी नियममा भएको व्यवस्था विपरित निर्माण कार्य गर्दा निर्माण कार्य अलपत्र पर्ने, श्रोत सुनिश्चितता नहुने तथा बढी खर्चिलो हुने तथा कम गुणस्तर हुने देखिन्छ।

७० **धुलीगडा मसानघाट देखि कठावगरसम्म तटबन्ध निर्माण**

धुलिगडा मसानघाटदेखि कठावगरसम्म तटबन्ध निर्माणः ठेक्का नं NRM/NCB/w/08-080-81 को २०८०।८।५ मा निर्माण व्यवसायी श्री जगन्नाथ आर.बि. कन्स्ट्रक्सन प्रा.लि. सँग २०८१।०२।१० सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु ६०२९६५१।८२ (मु.अ.कर र प्रोभिजनल सम बाहेक) भएको कार्य रु ३१९३३४६.६५ (मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा सम्झौता भई रु ३१५५७०४ (मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा कार्यसम्पन्न भएको सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छनः

(क) प्रतिस्पर्धा सिमितः सार्वजनिक खरिद ऐनको दफा २४ मा दफा २६(६) बमोजिम आपसमा मिलोमतो गरी दाखिला भएका बोलपत्र उपर कारबाही नगरिने तथा दफा २३(२) मा सार्वजनिक निकायले यस दफा बमोजिम बोलपत्रको परीक्षण गर्ने सिलसिलामा बोलपत्रदातासँग आवश्यक जानकारी माग गर्न सक्ने उल्लेख छ। कार्यालयले स्वीकृत कार्यक्रमको ठेक्का गरी बाँकी रहेको रकममध्ये लागत अनुमान रु. ३००२५३६।- को थप कार्य गर्नका लागि २ वटा बोलपत्र पेश भएकोमा सो मध्ये निर्माणव्यवसायी श्री बद्री ट्रेडर्स एण्ड सप्लायर्स/ बद्री निर्माण सेवाले submitted bid document modified गरी लागत अनुमानभन्दा बढी कबोल अंक राखेको तथा बोलपत्र स्वीकृत भएको निर्माणव्यवसायी श्री जगन्नाथ आर.बि. कन्ट्रक्सन प्रा.लि. को कवोल अंक लागत अनुमान र कबोल अंकमा रु ५१३७।- को मात्र फरक रहेकोले मिलोमतो भएको हुनसक्ने देखिन्छ। यसबाट खरिद प्रक्रिया स्वच्छ, मितव्ययी तथा प्रतिस्पर्धात्मक भएको देखिएन। तसर्थ कार्यालयको मिलोमतो गर्ने कार्यलाई दुरुत्साहित गर्न कार्यालयको ध्यान जानुपर्दछ।

(ख) योजनाको आवश्यकता र औचित्यः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ अनुसार गाँउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत, विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागु गर्ने तथा योजना बनाउदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनहरूको सूची बनाई स्थानीय वुद्धिजीवि, विषय विज्ञ, अनुभवि पेशाविद लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा बनाउने व्यवस्था उल्लेख छ र दफा २४(६) अनुसार योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याकंनको योजना समेत तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था उल्लेख छ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। तर पालिकाबाट उपरोक्त बमोजिम प्रक्रिया अवलम्वन तथा संभाव्यता अध्ययन नगरेको यस प्रकार योजनाको आवश्यकता पुष्टी नहुने भएकोले योजना प्रभावकारी तथा औचित्यपूर्ण भएको यकीन हुन सकिएन। तसर्थ, स्थानीय तहले योजना तर्जूमा गर्दा ऐन नियमको मर्म र भावनाको आधारमा सम्पूर्ण सरोकारवालाहरूसम्म विकासको प्रतिफल पुग्ने गरी तर्जुमा र कार्यान्वयन गर्नुपर्दछ।

७१ **कार्यसम्पन्न भएको मिति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम नियम ६ अनुसार आवश्यक बजेट व्यवस्था नभई खरिद कारवाही सुरु गर्न नहुने उल्लेख छ तथा नियम १३(२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१५) मा उल्लिखित खर्च शीर्षकमा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राखुपर्ने उल्लेख छ। छिपुलस्थान डाइभर्सिटी पार्क निर्माण वडा नं २ को निर्माण खानी मिसन डिजाइन पाइन्ट जे.भी.लाई २०७९।७।२४ गते कार्यसम्पन्न भएको कार्यको लागि गो.भौ.नं. मिति १-०८०।८।२४ र ४-०८०।११।३ बाट रू. १९१९३१७६।– भुक्तानी दिएको छ । गत विगत वर्षको भुक्तानी दिदा चालु वर्षको कार्यक्रममा दवाव पर्ने हुँदा यस्तो खर्चलाई नियन्त्रण गर्नु पर्ने देखिन्छ ।आ.व. २०७९।८० मा उक्त शीर्षकमा बजेट विनियोजन नभएको कारणले भुक्तानी दिन नसकिएको भन्ने पालिकाको भनाई रहेको छ । आवश्यक बजेट व्यवस्था नभई खरिद कारवाही सुरु गर्न नहुने तथा नियममा भएको

व्यवस्था विपरित निर्माण कार्य गर्दा निर्माण कार्य अलपत्र पर्ने, श्रोत सुनिश्चितता नहुने तथा बढी खर्चिलो हुने र कम गुणस्तर हुने भएकोले खरिद व्यवस्थापनमा खरिद कानुनको पालना हुनु पर्दछ ।

७२ **एजविल्ट नक्सा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) तथा कार्यालयको स्वीकृत बोलपत्र फारमको जि.सि.सि. र एस्.सि.सि. मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायी निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गरेमा मात्र अन्तिम बील भुक्तानी गर्नुपर्ने उल्लेख छ। तर कार्यालयले यस वर्ष निर्माण सम्पन्न गरेको निम्न आयोजना निर्माण कार्यहरूको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन। तसर्थ कानुनी व्यवस्था बमोजिम एजबिल्ट नक्सा पेश हुनुपर्ने रु

| निर्माण व्यवसायीको नाम | कार्य | जरिवान रकम | कैफियत |
|---|---|---|---|
| राजेन्द्र।नमस्कार।सिद्धनाथ जे भी | स्थानीय तह प्रशासकीय भवन निर्माण | नखुलाएको | कानुन बमोजिम एजबिल्ट नक्सा पेश नभई अन्तिम भुक्तानी दिएको |
| वि. एम . आर . कन्स्ट्रक्सन कम्पनी प्रा . लि . | वडा नं. १ को कार्यालय भवन | नखुलाएको | ऐ. ऐ . |
| आनन्द निर्माण सेवा | नागु सामुदायिक स्वास्थ्य भवन निर्माण | नखुलाएको | ऐ. ऐ . |
| खानी मिसन डिजाईन पाईन्ट जे. भी . | छिपुलस्थान डाइभर्सिटी पार्क निर्माण वडा नं. २ | नखुलाएको | ऐ. ऐ . |
| नमस्कार निर्माण तथा ढुवानी सेवा | इयरकोट हेल्थ पोष्ट भवन | नखुलाएको | ऐ. ऐ . |
| जगन्नाथ आर.. बि . कन्स्ट्रक्सन प्रा . लि . | धुलिगडा मसानघाट देखि कठावगरसम्म तटबन्ध निर्माण | २००००। | |
| वि. एम . आर . कन्स्ट्रक्सन कम्पनी प्रा . लि . | जनहित मा . वि. धुलिगडा १४ कोठे भवन | नखुलाएको | ऐ. ऐ . |
| लटवाट निर्माण सेवा | मालिकार्जुन मा. वि . नौगाड ६ एगरभगे | नखुलाएको | ऐ. ऐ . |
| लटवाट निर्माण सेवा | सुकेखोला देखि पनढुङ्गाखान सडक | नखुलाएको | ऐ. ऐ . |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,००० |

७३ **कार्यसम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रोइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने तथा उपनियम (२क) मा उपनियम (२) बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा उपनियम (१क) बमोजिमको अभिलेख समेत संलग्न गर्नुपर्ने उल्लेख छ।पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम प्रक्रिया पुर्याई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन बनाउने गरेको छैन।यसबाट निर्माण व्यवसायीको त्रुटी सच्याउने दायित्वबाट पन्छिन पाउने तथा त्रुटिसम्बन्धि अभिलेख नहुनुको साथै निर्माण कार्य दीर्घकालिन, गुणस्तरयुक्त तथा स्वीकृत ड्रोइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम नहुने देखिन्छ। तसर्थ पालिकाले नियममा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ।

७४ **कोटेशनबाट कार्य गराएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ को उपनियम ३ मा बजेट मार्गदर्शन प्राप्त भएपछि प्रत्येक कार्यालयले आफ्नो कार्यालयको उद्देश्य अनुरुपको लक्ष्य निर्धारण गरी सोको आधारमा अनुसूची १ बमोजिमको ढाँचामा बार्षिक वजेट तथा कार्यक्रम निर्धारण गरी तालुक निकायमा पठाई स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रही कार्यक्रम कार्यान्वियन गर्नुपर्ने तथा

नियम ३८ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको यकीन गरी बजेट खर्च गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड, २०७८ को बुँदा ३(४) मा विनियोजित रकम खर्च गर्दा सरकारी निकाय तथा जिम्मेवार व्यक्तिले मितव्ययी र गुणात्मक प्रतिफल प्राप्त हुने गरी खर्च गर्नु गराउनु पर्ने व्यवस्था छ। कार्यालयले निम्नानुसारको निर्माण कार्यमा ठेक्का व्यवस्थापनबाट बचत रहेकोमा सोही योजनामा थप कार्य गर्न तालुक निकायवाट स्वीकृत नलिई तथा थप कामको लागि ठेक्का व्यवस्था नगरी बचत रकमवाट कोटेशन तथा बोलपत्र मार्फत कार्य गराई रु . ९३१४२७६।- खर्च लेखेको छ ।प्रतिस्पर्धा सिमित नहुने गरी कार्यक्रम स्वीकृत गर्नु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ७४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७५ **भेरियसन आदेश**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिने परिस्थिति कार्यान्वयनको क्रममा श्रृजना भएमा ड्रईङ डिजाईन तथा स्पेसिफिकेसन आदि बदल्नु पर्ने नपर्ने वा बद्लनु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा भेरिएसनको परिमाण खुलाई भेरिएसन गर्न सकिने तथा सार्वजनिक खरिद ऐनको दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्रुटीपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार, जाचँ वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारवाही भागिदार हुने उल्लेख छ। कार्यालयले ड्रईङ डिजाईन तथा स्पेसिफिकेसन आदि बदली लागत अनुमान भएको कार्य भन्दा फरक गर्नुको कारण र औचित्यसहित भेरिएसन आदेश स्वीकृत वेगर निम्न कार्यहरू गरेकोले भेरिएसन आदेश स्वीकृत भएको प्रमाण पेश हुनु पर्ने रू

| कार्यको विवरण | निर्माण व्यवसायीको नाम | शुरुको लागत अनुमानमा | | |
|---|---|---|---|---|
| | | बढेको कार्य | घटेको कार्य | खुद फरक कार्य |
| वडा नं. १ को कार्यालय भवन | वि. एम . आर . कन्स्ट्रक्सन कम्पनी प्रा . लि . | ३२७८९० | -२५७६९१ | ७०१९९ |
| नागु सामुदायिक स्वास्थ्य भवन निर्माण | आनन्द निर्माण सेवा | ११९९१९ | -१४२६१४ | २२६९५ |
| छिपुलस्थान डाइभर्सिटी पार्क निर्माण वडा नं. २ | खानी मिसन डिजाईन पाईन्ट जे. भी . | ३५५६११ | -१५०३१७१ | ११४७५६० |
| धुलिगडा मसानघाट देखि कठावगरसम्म तटबन्ध निर्माण | जगन्नाथ आर.. बि . कन्स्ट्रक्सन प्रा . लि . | ३६५६४ | -७४१९० | ३७६२६ |
| जनहित मा . वि. धुलिगडा १४ कोठे भवन | वि. एम . आर . कन्स्ट्रक्सन कम्पनी प्रा . लि . | २९२६ | -३३१६ | ३९० |
| मालिकार्जुन मा. वि . नौगाड ६ एगरभगे | लटवाट निर्माण सेवा | ४५८४८ | -३३३९५ | १२४५३ |
| सुकेखोला देखि पनढुङ्गाखान सडक | लटवाट निर्माण सेवा | ९०१३५ | -१४३८३२ | ५३६९७ |
| केदारेश्वर मा. वि . नौगाड २ | | ५४२६८ | -१३८०६७६ | १३२६४०८ |
| जम्मा | | | | २६७१०२८ |

| प्रमाण पेश नगरेको | २६,७१,०२८ |
|---|---|

७६ **बहुवर्षीय सम्झौता**

सार्वजनिक खरिद नियमावलीको नियम ५ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने तथा खरिद कारबाहीको तयारी गर्दा खरिदको आर्थिक स्रोत र रकमको पहिचान गर्नुपर्ने तथा नियम ६ मा खरिदका लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारवाही सुरु गर्न नहुने तथा

सार्वजनिक खर्चमा मितव्ययिता सम्बन्धी मापदण्ड, २०७८ को बुँदा नं. ३ मा अर्थमन्त्रालयको सहमती नलिई दीर्घकालिन दायित्व सिर्जना हुने गरी ठेक्का बन्दोवस्त गर्न नपाईने तथा आयोजनाको बहुबर्षिय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ मा भएका शर्त पुरा नगरेका तथा मध्यकालीन खर्च संरचनामा सामेल नभएका आयोजना र कार्यक्रमलाई बहुर्षीय ठेक्काको लागि स्रोत सहमति नदिइने उल्लेख छ। पालिकाले वडा नं १ को भवन निर्माणको ठेक्का सम्झौता अवधि तीन आर्थिक वर्ष हुने गरी निर्माण व्यवसायीसँग सम्झौता गर्ने गरेको देखियो। यसरी नियममा भएको व्यवस्था विपरित निर्माण कार्य गर्दा निर्माण कार्य अलपत्र पर्ने, श्रोत सुनिश्चितता नहुने तथा बढी खर्चिलो हुने तथा कम गुणस्तर हुने देखिन्छ।

| ठेक्का नं. | कार्यको विवरण | निर्माण व्यवसायी | सम्झौता रकम ( मु . अ . कर र प्रोभिजनल सम बाहेक ) | कैफियत |
|---|---|---|---|---|
| | छिपुलस्थान डाइभर्सिटी पार्क निर्माण वडा नं. २ | खानी मिसन डिजाईन पाईन्ट जे. भी . | ४७५६०१९७.४७ | ठेक्का सम्झौता अवधि ५ आर्थिक वर्ष हुने गरी भुक्तानी |
| | इयरकोट हेल्थ पोष्ट भवन | नमस्कार निर्माण तथा ढुवानी सेवा | | ठेक्का सम्झौता अवधि ३ आर्थिक वर्ष हुने गरी भुक्तानी |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : नौगाड गाउँपालिका, दार्चुला , नौगाड गाउँपालिका , दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पुष्कर सिंह धामी | २०७८-१२-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दल बहादुर बोहरा | २०७६-१०-१५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८३,७७० | २,३०१,८०९ | ३,४३९,३९५ | ० | ० | ८५०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६,६७४,९७४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १२,००० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ६,६६२,९७४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३०४२५५४३.६५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८०९९४०६८ | **चालु खर्च** | २८६१३०२४६.७९ |
| **प्रदेश सरकारबाट अनुदान** | २५०४११०२ | **पूँजीगत खर्च** | ९७३७८४९० |
| **राजश्व बाँडफाँट** | ७३५१३७१०.७५ | **वित्तीय/अन्य व्यवस्था** | २९२२१३४१.७ |
| **आन्तरिक आय** | ३५८९१३२.२७ | | |
| **अन्य आय** | १५८८३९५७.७८ | | |
| **कुल आय** | ३९९०२१९७०.८ | **कुल खर्च** | ४१२७३००७८.४९ |
| **बाँकी मौज्दात** | | १६७१७४३५.९६ | |

## बेरूजु दफा ७४ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.स | गो भा नं | योजनाको नाम | लागत अनुमान | सम्झौता मिति | भुक्तानी रकम | फर्मको नाम/ पान | गरेको काम | कार्य समपन्न मिति | खरिद माध्यम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६१ | केदारेश्वरी मा. वि. सुण्डमुण्ड भवन निर्माण तथा फिल्ड निर्माण ( क्रमागत) | ९२५३७४ | २०८०।०३।१२ | ९, ११ , ८९१ | न्यु दुवाडी निर्माण सेवा ( 619172413) | केदारेश्वरी मावि भवनको मञ्च निर्माण योजना | २०८१।०३।२३ | कोटेशन |
| २ | ६३ | केदारेश्वरी मा. वि. सुण्डमुण्ड भवन निर्माण तथा फिल्ड निर्माण ( क्रमागत) | ९५६२०६ | २०८०।०३।१२ | ९, ५२ , ०२५ | भगवती निर्माण सेवा (608699226) | विद्यालयको सामग्री खरिद बापतको रकम | २०८१।०३।२२ | कोटेशन |
| ३ | ११ | मालिकार्जुन आवि भवन निर्माण नौगाड ६ | ९८८३१२ | २०८०।१२।१५ | ९, ८५ , १७३ | हेमन्त कन्स्ट्रक्शन (303387417) | तेस्रो तल्ला निर्माण | २०८०।१२।२५ | कोटेशन |
| ४ | ३३ | मालिकार्जुन आवि भवन निर्माण नौगाड ६ | ५८९१०० | २०८१।०१।१२ | ५, ८० , ३९९ | लटबाब निर्माण सेवा ( 603126853) | तेस्रो तल्ला फिनिसिङ | २०८१।०२।२० | कोटेशन |
| ५ | ६७ | जनहित मावि धुलिगाडा १४ कोठे भवनको | ९९४३७ | २०८१।०३।१४ | ९, ९२ , ९४८ | श्री जय माँ तुलसी निर्माण सेवा ( 621383443) | जनहित मावि १४ कोठे भवन निर्माण योजनाको प्लाष्टर निर्माण कार्य | २०८१।०३।२२ | कोटेशन |
| ६ | ७२ | वडा नं १ वडा कार्यालय भवन निर्माण | ९२९५९४ | २०८१।०३।१४ | ९, २८ , ७७४ | बि. एम. आर. कन्स्ट्रक्सन कम्पनी ( 609859146) | वडा कार्यालयको सामग्री खरिद | २०८१।०३।२२ | कोटेशन |
| ७ | ६५ | जनहित मावि धुलिगाडा १४ कोठे भवनको | ९९८५७० | २०८१।०३।१४ | ९, ९६ , ७५८ | श्री जय जगन्नाथ बिल्डर्स (१३९७४५५२८) | झ्यालढोकाको सटर निर्माण कार्य | २०८१।०३।२३ | कोटेशन |
| ८ | ४८ | धुलिगडा मसानघाट देखि कठावगरसम्म तटबन्ध निर्माण | ३००२५३६ | | २९६६२९० | जगन्नाथ आर. बि . कन्स्ट्रसन प्रा . लि . | धुलिगडा मसानघाट देखि कठावगरसम्म तटबन्ध निर्माण | | बोलपत्र |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।